# विद्युत नियमन आयोग

(नेपालको विद्युत क्षेत्रको स्वायत्त नियामक निकाय)

सानो गौचरण, काठमाडौं, नेपाल








# आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन

आश्विन, २०८१

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय समक्ष पेश गरिएको
# आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन

**(यस प्रतिवेदनमा मिति २०८० श्रावण १ गतेदेखि मिति २०८१ आषाढ मसान्तसम्म गरिएका काम कारबाहीहरु, भावी कार्ययोजनाहरु तथा विद्युत क्षेत्रको सुधार संग सम्बन्धित नीतिगत सुझावहरु समावेश गरिएका छन्)**

**आश्विन, २०८१**

# विद्युत नियमन आयोग


**सानो गौचरण, काठमाण्डौ**

फोन नम्बर: +९७७-०१-४५२२४४२, ४५३९००४, ४५४३३९० फ्याक्स नम्बर: +९७७-०१-४५३२५८२

वेबसाइट: www.erc.gov.np इमेल: info@erc.gov.np

# विषयसूची


विद्युत नियमन आयोगका पदाधिकारीहरू ............ ५
अध्यक्षको मन्तव्य ............ ७
कार्यकारी सारांश ............ ९
१ परिचय : विद्युत नियमन आयोग ............ १३
१.१ आयोगको कार्यक्षेत्र ............ १४
१.१.१ प्राविधिक व्यवस्थापन गर्ने ............ १४
१.१.२ महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने ............ १४
१.१.३ प्रतिष्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने ............ १४
१.१.४ सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने ............ १५
१.१.५ नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने ............ १५
१.१.६ जाँचबुझ तथा निरीक्षण गर्ने ............ १५
१.१.७ विवाद समाधान गर्ने ............ १६
१.२ आयोगको सङ्गठनात्मक संरचना ............ १६
१.२.१ आयोगको लेखा समिति ............ १७
१.२.२ प्राविधिक तथा इन्जिनियरिङ्ग विभाग ............ १७
१.२.३ महसुल दर तथा आर्थिक विश्लेषण विभाग ............ १७
१.२.४ नियमन तथा सुपरिवेक्षण विभाग ............ १७
१.२.५ अन्य शाखाहरू ............ १७
१.३ आयोगमा कार्यरत कर्मचारीहरूको विवरण ............ १७
१.४ आयोगको विगत ५ बर्षको मुल्याङ्कन ............ १८
१.४.१ आयोगको सबल पक्ष ............ १८
१.४.२ आयोगका सुधार्य पक्षहरु ............ १९
१.५ आयोगको नियामकीय मार्गचित्र ............ २०
२ नेपालको विद्युत क्षेत्र ............ २३
२.१ उत्पादन ............ २३
२.२ प्रसारण ............ २४
२.३ प्रणाली सञ्चालन ............ २६
२.४ वितरण तथा खपत ............ २६
२.५ विद्युत व्यापार तथा निर्यात ............ २७
३ आ.व. २०८०/०८१ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू र आयोजना गरेका कार्यक्रमहरू ............ २९
३.१ स्वीकृति/पूर्वस्वीकृति/सहमति सम्बन्धमा निर्णय ............ २९

३.२ आ.व. २०८०/८१ का लागि विद्युत उपभोक्ता महसुल दर समायोजनको लागि आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम तथा कारबाही ........ २९
३.३ अनुगमन सम्बन्धी कार्यहरु ........ २९
३.४ आयोगको कार्यसञ्चालनको पाचौं वार्षिकोत्सव सम्बन्धी कार्यक्रम ........ ३०
३.५ आयोगका प्रथम पदाधिकारीहरुको बिदाई कार्यक्रम ........ ३०
३.६ आयोगका नवनियुक्त पदाधिकारीहरुको स्वागत कार्यक्रम ........ ३०
४ आ.व. २०८०/०८१ मा भएको आयोगको आय व्ययको विवरण ........ ३३
४.१ आयोगको कोष ........ ३३
४.२ आ.व. २०८०/०८१ मा आयोगको बजेट तथा खर्चको विवरण ........ ३३
४.३ आ.व. २०८०/०८१ को वित्तीय प्रगति विवरण ........ ३४
५ आयोगले सामना गर्नुपरेका चुनौती तथा समस्याहरु ........ ३९
५.१ कर्मचारीको नियुक्ति तथा व्यवस्थापन ........ ३९
५.२ विद्युत क्षेत्रको सुधार एवम् विद्युत सम्बन्धी अन्य विषयमा नीतिको कमी ........ ३९
५.३ स्रोत-साधनको प्रयोगमा समस्या ........ ३९
५.४ कानूनी जटिलताहरु ........ ३९
६ विद्युत क्षेत्र सुधारका सम्बन्धमा आयोगको धारणा तथा अपेक्षा ........ ४१
६.१ नीतिगत सुझाव ........ ४१
६.१.१ विद्युतीय प्रणालीमा खुल्ला पहुँच (Open Access) सम्बन्धमा आयोगको क्षेत्राधिकार ........ ४१
६.१.२ न्यूनतम लागत विस्तार कार्ययोजना (Least Cost Expansion Plan) कार्यान्वयन गर्ने सम्बन्धमा आयोगको भूमिका कायम राख्नु पर्ने ........ ४१
६.१.३ आयोगलाई विद्युत प्रसारण र वितरण अनुमतिपत्र प्रदान गर्ने अधिकार दिन उपयुक्त हुने ........ ४२
६.१.४ विद्युत व्यापार तथा प्रणालीमा निजी क्षेत्रलाई समेत संलग्न गराउन उपयुक्त हुने ........ ४२
६.१.५ विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना, २०८० ........ ४३
६.१.६ पूर्वाधार नियमनका लागि दक्षिण एसियाली मञ्च (साफिर) को सदस्यताका सम्बन्धमा ........ ४३
६.१.७ विद्युतको महसुल नीति (Tariff Policy) का सम्बन्धमा ........ ४३
६.१.८ विद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौता अवधि पश्चात् हुने शेयर सम्बन्धी व्यवस्था ........ ४४
६.१.९ विद्युत प्रसारण सेवा सम्बन्धी महशुलमा आधारित प्रतिष्पर्धात्मक बोलपत्र मापदण्ड (Tariff Based Competitive Guideline for Transmission Service) को व्यवस्था ........ ४६
६.२ मन्त्रालयसंग सहयोगको अपेक्षा ........ ४५
७ निष्कर्ष ........ ४७
अनुसूची ........ ४९
अनुसूची १ विद्युत नियमन आयोगद्वारा प्रस्तावित सङ्गठनात्मक संरचना ........ ४९
अनुसूची २ आयोगले आयोजना गरेका कार्यक्रम तथा स्थलगत अनुगमनसंग सम्बन्धित तस्विरहरु ........ ५०

# विद्युत नियमन आयोगका पदाधिकारीहरू



डा. राम प्रसाद धिताल
अध्यक्ष



गौतम डंगोल
सदस्य



डा. मधुसुधन अधिकारी
सदस्य



डा. झमक प्रसाद शर्मा
सदस्य



मन देवी श्रेष्ठ
सचिव

# अध्यक्षको मन्तव्य

विद्युत देशको समावेशी तथा दिगो अर्थतन्त्र तथा पूर्वाधार निमार्णको महत्वपुर्ण अङ्ग रुपमा रहेको छ । नयाँ चुनौती अनुरुप निरन्तर रुपान्तरण सहितको दिगो विकास नेपाली विद्युत क्षेत्रको पहिचान रहेको छ । विद्युत नियमन आयोगको गठन संगै नेपालको समग्र विद्युत क्षेत्रमा आयोगको नियामक भूमिका तथा प्रभाव निरन्तर बढिरहेको देखिन्छ । विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ बमोजिम मिति २०७६ बैशाख २५ मा गठन भएको आयोगका प्रथम पदाधिकारीहरुको कार्यकाल २०८१ बैशाख २५ मा अन्त्य भएकोमा नेपाल सरकारद्वारा मिति २०८१ असार १० मा नयाँ अध्यक्ष सहित दुई सदस्यहरुको नियुक्ति भएको हो । विगतमा यस आयोगबाट भएका काम कारबाहीबाट सिक्दै आगामी दिनमा आयोग अझ शसक्त तथा पारदर्शीरुपमा अगाडी बढ्न तत्पर रहेको छ ।

प्रचलित विद्युत नियमन आयोग ऐन तथा नियमावलीले निर्दिष्ट गरेबमोजिम विगतका वर्षहरुमा आयोगद्वारा केही दीर्घकालीन  महत्वका विषयमा जस्तै विभिन्न नियामकीय उपकरणहरु निर्माण तथा कार्यान्वयन, उपभोक्ता विद्युतको महसुल दर निर्धारण, विद्युत खरिद बिक्रि दर निर्धारण तथा विद्युत आयोजनाहरुको निरीक्षण सुपरिवेक्षण लगायतका कार्यहरु गर्न सफल भएको छ । त्यस्तै आयोगबाट प्रवाह हुने सार्वजनिक सेवालाई थप छिटो छरितो तथा सेवाग्राही मैत्री बनाउनका निमित्त आयोगले आफ्नो नागरिक बडापत्र तर्जुमा गरी लागू गरिसकेको अवस्था छ । यसले आयोगमार्फत प्रदान हुने सेवाहरु पारदर्शी तथा समयानुकुल हुनुका साथै सेवा दिने जिम्मेवार व्यक्तिलाई सेवाग्राही प्रति थप जवाफदेही बनाउन सहयोग पुर्याउनेछ ।

त्यस्तै, विभिन्न कारणवश हालसम्म गर्न नसकिएको विद्युत क्षेत्र रुपान्तरणसँग सम्बन्धित नियामकीय जिम्मेवारीहरु भने आयोगले आगामी दिनहरुमा सम्पन्न गर्नेछ । यस सम्बन्धमा, विद्युत नियमन आयोगमा नयाँ पदाधिकारीहरुको आगमन संगै आयोगद्वारा आगामी ५ वर्षे मार्गचित्र (ERC Five Years Roadmap 2024-2029) तर्जुमा गरी लागू गर्नेछ । यस कार्ययोजना अन्तर्गत आयोगले नेपालको विद्युत क्षेत्र रुपान्तरण, नियामकीय व्यवस्थाको सशक्तीकरण, विद्युत क्षेत्रको जवाफदेही तथा पारदर्शी नियमन तथा उपभोक्ता संरक्षण लगायतका विषयमा जोड दिनेछ ।

यसैगरी, आगामी दिनमा आयोगद्वारा विद्युत उपभोक्ताको हकहित संरक्षण तथा विवाद समाधानका निमित्त उपयुक्त विवाद समाधान सम्बन्धी प्रणालीको विकास गरी लागू गर्नेछ । यस उपकरणको कार्यान्वयन पश्चात विद्युत क्षेत्रमा आइपर्ने विवादहरु आयोगबाट सहज तथा न्यायोचित तवरले निरुपण हुने अपेक्षा गरिएको छ । सोही प्रयोजनका लागि आयोगद्वारा हाल विवाद समाधान सम्बन्धी नियामकीय उपकरण सरोकारवालाहरुको राय तथा सुझावका लागि सार्वजनिक समेत गरिसकेको जानकारी यहाँहरु माझ अनुरोध गर्दछु । यसका अतिरिक्त, आयोगद्वारा नेपालको विद्युत क्षेत्रको सुदृढ नियमन, अग्रगामी विकास र दिगो रुपान्तरणका निमित्त निम्न बमोजिम प्राथमिकताहरु पहिचान गरेको छ :

१. आन्तरिक प्राथमिकताहरु : यस अन्तर्गत आयोगलाई प्राविधिक, आर्थिक, एवं संरचनात्मक रुपले सक्षम नियामकको रुपमा स्थापित गर्ने, आयोगको सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने ।
२. नियामकीय प्राथमिकताहरु : नियामकीय प्राथमिकता अनुरुप आयोगले जारी भएका नियामकीय उपकरणहरुमा समयानुकुल संसोधन, विद्युतको प्रतिष्पर्धात्मक खरिद सम्बन्धी व्यवस्था लागू गर्ने, विद्युतको आन्तरिक तथा सीमापार व्यापार बढाउनका निमित्त प्रशारण लाइनमा खुल्ला पहुँचको व्यवस्था गर्ने, व्यवस्थित तथा लागत प्रतिविम्बित उपभोक्ता महसुल सम्बन्धी व्यवस्था गर्ने, विवाद समाधान सम्बन्धी उपयुक्त नियामकिय व्यवस्था गर्ने ।

ऊर्जा क्षेत्रको नियमनका सम्बन्धमा आयोगबाट भएका काम कारवाही केवल दैनिक कार्यहरु मात्र नभई विद्युत क्षेत्रमा हुने रुपान्तरणको प्रतिक हुन विगतका वर्षमा सिकेको पाठहरुलाई आत्मसात गर्दै आयोगले आगामी दिनमा विद्युत क्षेत्रको विकास, उपभोक्ताको संरक्षण तथा यस क्षेत्रमा लगानीको मार्ग प्रदर्शन गर्ने प्रगतिको ज्योति बन्ने दृढसंकल्प लिएको छ । यस अतिरिक्त, आयोगको नियमनकारी भूमिकालाई सशक्त बनाउन सहयोग प्रदान गर्ने नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था तथा राय, सुझाव, प्रतिक्रिया उपलब्ध गराई महत्वपूर्ण योगदान दिने सम्पूर्ण अनुमतिपत्र प्राप्त व्यक्ति र संस्था, अन्य नियमनकारी निकाय, विकास साझेदार संघ सँस्थाहरु, सरोकारवाला, विषय-विज्ञ, ग्राहक, उपभोक्ता, सञ्चारकर्मी, सर्वसाधारण, आयोगका कर्मचारी तथा पदाधिकारी प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यसै प्रकारले सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं ।

आयोगले आर्थिक वर्ष २०८०/८१ मा कोषमा प्राप्त गरेको रकम, सञ्चालन गरेका कार्यक्रम, कार्यक्रमको उपलब्धि, कठिनाई, चुनौती, नीतिगत सुझाव, आगामी कार्यदिशा सहित ऐनको दफा ३८ (१) बमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसमक्ष यो प्रतिवेदन पेश गरेको छ।

....................................

डा. राम प्रसाद धिताल

अध्यक्ष

# कार्यकारी सारांश

विद्युत क्षेत्रको नियमन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासलाई पछ्याउँदै विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ ले व्यवस्था गरेअनुरुप नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६ वैशाख २३ गतेको निर्णय अनुसार स्थापना भएको विद्युत नियमन आयोगद्वारा नेपालको विद्युत क्षेत्रको दिगो विकासका निमित्त स्वतन्त्र, पूर्वानुमान-योग्य, उपभोक्ता प्रति समर्पित, उत्तरदायी र पारदर्शी नियमन गर्दै आएको छ। विद्युत नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम (१) विद्युतको उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई सरल, नियमित, व्यवस्थित र पारदर्शी बनाउने, (२) विद्युतको माग आपूर्तिमा सन्तुलन कायम राख्ने, विद्युत महसुल नियमन गर्ने, (३) विद्युत उपभोक्ताको हकहित संरक्षण गर्ने, (४) विद्युतको बजारलाई प्रतिष्पर्धात्मक बनाउने, तथा (५) विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त र सुरक्षित बनाउने उद्देश्यको परिपूर्ति गर्ने हेतु आयोगले हालसम्म विभिन्न आवश्यक विनियमावली, निर्देशिका, संहिता तथा कार्यविधि तर्जुमा गरी लागु गरिसकेको छ।

२०८१ वैशाखमा आयोगका प्रथम पदाधिकारीहरुको पाँच वर्षीय कार्यकाल सकिएपछि आयोगका दोस्रो पदाधिकारीहरुको नियुक्ति मिति २०८१ आषाढ १० गते भएको थियो। आयोगद्वारा सुरुवाती ५ वर्षे कार्यकालमा केही दीर्घकालीन महत्वका विषयहरुमा जस्तै विभिन्न नियामकीय उपकरणहरुको तर्जुमा तथा कार्यान्वयन, उपभोक्ता विद्युतको महसुल दर निर्धारण, विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत आयोजनाहरुको निरीक्षण सुपरिवेक्षण लगायतका कार्यहरु गर्न सफल भएको छ। हालसम्म आयोगले आफ्नो काम, कारवाही तथा अधिकारको प्रयोगलाई स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन एक (१) कार्यविधि, एक (१) विनियमावली, एक (१) संहिता, एक (१) म्यानुअल र छ (६) निर्देशिका जारी गरेको छ।

आ.व. २०८०/०८१ मा आयोगद्वारा विद्युत कम्पनीका विभिन्न दुई सय त्रिपन्न (२५३) वटा निवेदनउपर कारबाही गरी स्वीकृति, पूर्वस्वीकृति तथा सहमति सम्बन्धी निर्णय गरिएको छ जसमा प्राथमिक तथा हकप्रद शेयर निष्काशनको पुर्वस्वीकृतिको ५४ वटा, विद्युत कम्पनीको शेयर संरचना परिवर्तनमा स्वीकृतिको २६ वटा, विद्युत कम्पनीको विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत सम्झौतामा सहमति प्रदान गर्ने सम्बन्धी ५८ वटा, विद्युत कम्पनीको विद्युत खरिद सम्झौतामा संशोधनका ८८ वटा, विद्युत कम्पनीको स्वामित्व हस्तान्तरण/आयोजना, प्राप्ति र ग्रहणमा सहमति सम्बन्धी ४ वटा र विद्युत कम्पनीको शेयर खरिद बिक्रीको २३ वटा निवेदन उपर निर्णय दिने कार्य पर्दछन्।

आयोगले हालसम्म आफ्नो सञ्चालन अवधिका क्रममा विभिन्न चुनौती तथा समस्याहरु सामना गरेको छ। आयोगका आफ्ना कर्मचारी नियुक्ति भइनसकेकोले कानूनी व्यवस्था बमोजिम मन्त्रालय तथा विद्युत विकास विभागबाट आ.व. २०७९/८० मा एघार (११) जना कर्मचारीहरू काजको रुपमा आयोगमा कार्यरत रहेको तथा करार सेवामा कम्प्यूटर अपरेटर, ह.स.चा. तथा का.स. गरी जम्मा अठार (१८) जना कर्मचारीहरु कार्यरत रहेका छन्। पर्याप्त संख्यामा कर्मचारी नहुनाले आयोगद्वारा कतिपय अवस्थामा दैनिक कार्य गर्नमा समेत कठिनाइ हुनुका साथै ऐन तथा नियमावलीले निर्दिष्ट गरेको दायित्व समेत अनुपालन गर्न समस्या भोग्नुपरेको छ।

आयोगको कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार, योग्यता, पारिश्रमिक, सुविधा तथा सेवाको शर्तसहितको कर्मचारी सम्बन्धी विनियमावलीको मस्यौदा आयोगको बैठकबाट स्वीकृत भई मन्त्रालय पठाइएको छ। लोक सेवा आयोगबाट उक्त विनियमावलीका केही विषयमा पुनरावलोकन गर्नु पर्ने सुझाव आएअनुसार आयोगले मन्त्रालयसंग समन्वय गरी विनियमावलीमा पुनरावलोकन तथा पुनर्विचार गरी पेश गर्ने क्रममा रहेको छ। यस विनियमावलीको स्वीकृति पश्चात् स्थायी दरबन्दी अनुसारका सम्पूर्ण रिक्त पद पूर्ति गर्ने आयोगको योजना रहेको छ। त्यसै गरी, आयोगको स्थापना भएको पाँच वर्ष पूरा भए तापनि आवश्यक स्रोत साधनको कमीका कारण आयोग पूर्ण रुपले आफ्नो नियामकीय जिम्मेवारी वहन गर्न सकेको छैन। स्थापनादेखि हालसम्म विद्युत विकास विभागबाट स्रोत साधनको उपलब्धताको सवालमा धेरै सहयोग प्राप्त भएको र त्यसका लागि आयोग निकै आभारी छ। आयोगको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७८ उपर मन्त्रालय एवम् अर्थ मन्त्रालयको स्वीकृति प्राप्त नभएको हुँदा आवश्यकता अनुरुप उपलब्ध वित्तीय स्रोतको उपभोग तथा अन्य साधनहरुको खरिद, प्राप्ति, विनियोजन एवं प्रयोग आवश्यकता अनुरुप हुन सकेको छैन।

यी चुनौतीहरुका बाबजुद आयोगले आफुलाई एक सशक्त सङ्गठित संस्थाको रुपमा विकास गर्न र निष्पक्ष एवम् सक्षम नियामकको रुपमा आफ्नो परिचय दिन तत्पर रहेको छ।

यसका.लागि आयोगले निर्दिष्ट जिम्मेवारी वहन गर्न पर्याप्त हुने मात्रामा प्राविधिक (Technical), वित्तीय (Financial) तथा संस्थागत (Institutional) व्यवस्थापन गर्नु पर्ने, कार्यसम्पादनमार्फत तात्विक रुपमा सरोकारवालाहरुसमक्ष आफ्नो उपस्थिति जनाउनु पर्ने, आयोगमा निवेदनहरु तथा फाइलहरुको व्यवस्थापन गर्नु पर्ने, जारी भइसकेका नियामक उपकरणहरुको सबल कार्यान्वयन गर्नु पर्ने, वृहत महत्वका विद्युत क्षेत्र सुधारसम्बन्धी गतिविधि मानिएका प्रसारण सञ्जालमा खुल्ला पहुँचको कार्यान्वयन, विद्युतमा थोक प्रतिष्पर्धा, प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ चार्ज) निर्धारण, आदि विषयमा आवश्यक मात्रामा गृहकार्य गर्नुका साथै विद्युतीय ऊर्जा सुरक्षा (Energy Security), विद्युत उपभोक्ता महसुल (Electricity Consumer Tariff), विद्युत खरिद बिक्री (Power Purchase), सार्वजनिक निष्कासनको पूर्वस्वीकृति (Pre–approval वा Public Issuances वा Right Shares), आदि विषयमा हासिल गरेका अनुभवको आधारमा त्यस सम्बन्धी व्यवस्था परिमार्जन गर्नु पर्ने देखिएकोले यी पक्षहरुको सुधार गर्दै जाने हेतु हिजोका उपलब्धिहरुको वस्तुगत मुल्याङ्कन गरी आगामी दिनमा आयोगका काम कारवाहीलाई थप निष्पक्ष, सशक्त एवम् प्रभावकारी बनाउन विगतका अनुभवहरुबाट प्राप्त पाठ सिक्दै आयोगले भविष्यको मार्गदिशा एवम् मार्गचित्र तय गरेको छ ।

पारदर्शिता, निष्पक्षता, जवाफदेहिता, अग्रसक्रियता र प्रतिक्रियाशिलताका सिद्धान्तहरुलाई आत्मसात गरेर आयोगले तयार गरेको मार्गचित्रमा आन्तरिक र नियामकीय प्राथमिकताहरु छुट्याइएको छ । आयोगको आन्तरिक प्राथमिकताहरु अन्तर्गत आयोगलाई प्राविधिक (Technical), वित्तीय (Financial), संस्थागत (Institutional) एवम् कार्यगत (Functional) रुपमा स्वायत्त एवं सक्षम नियामक निकाय बनाउने रहेको छ । आयोगलाई आन्तरिक रुपमा पारदर्शी, जवाफदेही एवं उपभोक्ता केन्द्रित पद्धतिको अनुसरण गर्ने/गराउने र एक सक्षम एवं प्रभावकारी नियामक निकायको रुपमा आयोगको छवि विकास गर्ने लक्ष्यहरु रहेका छन् । त्यसै गरी, आयोगको नियामकीय प्राथमिकताहरु अन्तर्गत राष्ट्रको ऊर्जा सुरक्षालाई मध्यनजर गर्दै ऊर्जा स्रोतमा विविधीकरणतर्फ अग्रसर गर्ने, विद्युत प्रणालीमा खुल्ला पहुँच लागु गर्दै विद्युतको आन्तरिक थोक बजार निर्माण गर्ने र विद्युत उत्पादकलाई बाह्य थोक बजारको पहुँच दिने, विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत खरिद गर्ने प्रक्रियालाई थप पारदर्शी र प्रतिष्पर्धी बनाउने, विद्युत उपभोक्ताको दीर्घकालीन हितलाई मध्यनजर गर्दै महसुल निर्धारण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित एवम् लागत-प्रतिविम्बित गराउने, नियामकीय स्थायित्व तथा निष्पक्ष नियामकीय व्यवस्था विकास गरी विद्युत क्षेत्रलाई लगानीमैत्री बनाउने, नेपालको विद्युत विकासलाई प्रभावकारी बनाउन अनुकुल नियामकीय संयन्त्रको विकास गर्ने, विद्युत नियमन आयोग ऐन, २०७४ को मर्म अनुकुल विद्युतको थोक प्रतिष्पर्धा (wholesale competition) तथा खुद्रा प्रतिष्पर्धा (retail competition) लागु गर्ने, नयाँ विद्युत ऐनले अन्य जिम्मेवारीहरु निर्दिष्ट गरेमा आवश्यकता अनुसार कार्यान्वयन गर्ने तथा देशको आवश्यकता अनुरुप विद्युत क्षेत्र सुधारका सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायहरुबीच छलफललाई घनीभूत बनाउन नेतृत्वदायी भूमिका खेल्ने लक्ष्यहरु रहेका छन् ।

आयोगका क्षेत्राधिकारमा रहेका तथा यस कार्ययोजनाभित्रका गतिविधिहरु अघि बढाउन आवश्यक कानुनी तथा नीतिगत व्यवस्थामा नेपाल सरकारको सहयोग आवश्यक पर्ने देखिन्छ । विद्युत व्यापार, अन्तरदेशीय विद्युत बजार, विद्युत आपुर्ति (ग्राहक सेवा), आदि विषयमा नेपाल सरकारले कानूनी एवं नीतिगत रुपमा मार्गप्रशस्त गर्नु पर्ने देखिन्छ । आयोगले ऐनको दफा ३८ बमोजिम यो प्रतिवेदन मन्त्रालयसमक्ष पेश गरेको छ ।

यसै गरी, आयोगले विभिन्न किसिमका नियामकीय उपकरण निर्माण गरी छलफल गर्ने क्रममा कतिपय अवस्थामा प्रत्यक्ष सरोकारवालाहरु सहितको उपसमिति निर्माण गरी सशक्त छलफल गर्नु पर्ने हुन्छ । त्यस्तो अवस्थामा, नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय तथा विद्युत विकास विभागका अधिकृतहरुको सहभागिता आवश्यक पर्ने हुन्छ ।

आयोगले गर्नु पर्ने गतिविधिहरु तीन विधा, अर्थात्, आन्तरिक व्यवस्थापन, नियमन र अर्धन्यायिक जिम्मेवारीमा वर्गीकरण गर्न सकिन्छ । आन्तरिक व्यवस्थापन अन्तर्गत स्थायी कर्मचारीको नियुक्ति, आन्तरिक प्राविधिक क्षमताको विकास, ज्ञान व्यवस्थापन (Knowledge Management) तथा संस्थागत स्मृति (Institutional Memory) को प्रवर्द्धन, पारदर्शिता एवम् जवाफदेहिताको वृद्धि, आदि सम्बन्धी कार्यहरु गर्नु पर्ने आवश्यकता रहेको छ भने नियामकीय जिम्मेवारी अन्तर्गत अनुमतिपत्र प्राप्त व्यक्तिहरु र विद्युत उपभोक्ताहरुको हितलाई सन्तुलन गर्ने एक सशक्त तथा सक्षम नियामकीय प्रणालीको विकास गर्नु पर्ने आवश्यकता पनि रहेको छ । त्यसै गरी, आयोग विद्युत सम्बन्धी विवाद समाधान गर्ने एक अर्धन्यायिक निकाय पनि भएकाले सरोकारवालाहरु माझ एक विश्वसनीय निकायको रुपमा स्थापित भई विद्युत सम्बन्धी विवादहरुको छिटो, छरितो र न्यायोचित निरोपण गर्ने जिम्मेवारी आयोगलाई प्राप्त छ । हालको स्थिति मुल्याङ्कन गर्दा तीनै विधामा थप कार्य गर्नुपर्ने आवश्यकता रहेको देख्न सकिन्छ ।

आयोगलाई संस्थागत रुपमा सशक्त बनाई स्वतन्त्र, सशक्त, निष्पक्ष एवम् सक्षम नियामकीय निकायको रुपमा खडा गराउन आयोगले ५ बर्षे मार्गचित्र निर्माण गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ।

# १ परिचय : विद्युत नियमन आयोग

विद्युतले आधुनिक मानव सभ्यतालाई चलायमान राख्न प्रमुख भूमिका खेल्दछ । विद्युतलाई अन्य प्रकारका ऊर्जामा रुपान्तरण गर्न सहज हुने भएकाले घरेलु प्रयोग मात्र नभएर संचार, यातायात, स्वास्थ्य, कृषि, उद्योग, आदि सबै क्षेत्र ऊर्जाको प्रमुख मध्यमको रुपमा विद्युत मै निर्भर रहन्छन । यसै कारणले संसारको हरेक कुनामा, भरपर्दो र किफायती विद्युत् पहुँच गुणस्तरीय जीवनको द्योतक हो, समानताको चालक हो र सबैका लागि उज्जवल भविष्यको सूचक हो । मानिसको जीवनमा विद्युतको भूमिका निकै गहन हुने भएकाले विद्युतको नियमनलाई विशेष संवेदनशीलताका साथ हेरिने गरिन्छ र गुणस्तरीय तथा भरपर्दो विद्युतको पहुँचलाई सहज बनाउन, विद्युत क्षेत्रमा उपभोक्ताको हक संरक्षण गर्न र समग्र विद्युत प्रणालीको दिगोपना सुनिश्चितता गर्न विद्युतको नियमन गरिन्छ ।

विद्युत क्षेत्रको नियमन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासलाई पछ्याउँदै विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ ले व्यवस्था गरेअनुरुप नेपाल सरकार मन्त्रिपरिषदको २०७६ बैशाख २३ गतेको निर्णय अनुसार विद्युत नियमन आयोगको स्थापना भएको हो । आयोगका प्रथम पदाधिकारीहरूको नियुक्ति मिति २०७६ वैशाख २५ गतेका दिन भएको थियो । २०८१ बैशाखमा प्रथम पदाधिकारीकरुको पाँच वर्षीय कार्यकाल सकिएपछि आयोगका दोस्रो पदाधिकारीहरुको नियुक्ति मिति २०८१ आषाढ १० गते भएको थियो ।

विद्युत नियमन आयोग नेपालको विद्युत क्षेत्रको एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र सङ्गठित नियामकीय निकाय हो । विद्युत नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम आयोगका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

१) विद्युतको उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई सरल, नियमित, व्यवस्थित र पारदर्शी बनाउने,
२) विद्युतको माग आपूर्तिमा सन्तुलन कायम राख्ने,
३) विद्युत महसुल नियमन गर्ने,
४) विद्युत उपभोक्ताको हकहित संरक्षण गर्ने,
५) विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउने, तथा
६) विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त र सुरक्षित बनाउने ।

यी उद्देश्यको परिपूर्ति गरी नेपालको विद्युत क्षेत्रको दिगो विकास गर्नको लागि आयोगले स्वतन्त्र, पूर्वानुमान-योग्य, उपभोक्ता प्रति समर्पित, उत्तरदायी र पारदर्शी नियमन गर्दै आएको छ । सोही अनुरुप विगत् पाँच वर्षमा आयोगले आवश्यक नियामकीय उपकरणहरुको तर्जुमा तथा समयानुकूल परिमार्जन गरेको छ । आयोगले हालसम्म देहाय बमोजिमका विभिन्न आवश्यक विनियमावली, निर्देशिका, संहिता तथा कार्यविधि तर्जुमा गरी लागु गरिसकेको छ :

१) विद्युत नियमन आयोगको बैठक सम्बन्धी कार्यविधि, २०७६
२) विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६
३) विद्युत उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०७६
४) विद्युत नियमन आयोग सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०७६
५) विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७
६) विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८
७) आयोगको पाँच (५) वर्षे कार्यदिशा (Regulatory Roadmap, 2079)
८) नेपाल विद्युत ग्रिड कोड, २०८० (Nepal Electricity Grid Code, 2023)
९) विद्युत उपभोक्ता हित संरक्षण सम्बन्धी निर्देशिका, २०८०, तथा
१०) Key Performance Indicators Manual for Monitoring the Performance of Electric Utilities, 2023 - 2080

## १.१ आयोगको कार्यक्षेत्र

विद्युत नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरे अनुसार यस आयोगको देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकार रहेका छन् :

### १.१.१ प्राविधिक व्यवस्थापन गर्ने

विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा नियमन गर्न आयोगले प्राविधिक व्यवस्थापनको लागि देहायका कार्यहरू गर्नेछ :

(क) विद्युत सेवा सम्बन्धी ग्रिड संहिता र वितरण संहिता बनाई कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने ।

(ख) विद्युत सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

(ग) राष्ट्रिय विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न आवश्यक मापदण्ड बनाई लागू गर्ने ।

(घ) विद्युत प्रणाली सञ्चालकको दायित्व निर्धारण गरी कार्यान्वयनको अनुगमन गर्ने ।

(ङ) विद्युत सेवा बन्द गर्न सक्ने अवस्था, त्यसको आधार र प्राथमिकता निर्धारण गर्ने ।

(च) विद्युत सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि न्युनतम लागत विस्तार कार्य योजना बनाई कार्यान्वयन गर्ने वा गर्न लगाउने ।

### १.१.२ महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने

आयोगले महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने सम्बन्धमा देहाय बमोजिमका कार्यहरू गर्नेछ :

(क) सञ्चालन खर्च, ह्रासकट्टी दर, साँवाब्याजको भुक्तानी, मर्मतसम्भार खर्च, विद्युत संरचनाको निर्माण, पुनर्निर्माण, पुनर्स्थापना तथा शेयर लगानी बापत वार्षिक रुपमा प्राप्त हुने प्रतिफल लगायत विद्युत खरिद सम्झौता समेतलाई विचार गरी विद्युत महसुल दर निर्धारणका सर्त तथा आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनुपर्ने महसुल निर्धारण गर्ने ।

(ख) विद्युत खरिद बिक्रीको थोक बजार स्थापना नभएसम्म वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गठित संस्था बीच हुने विद्युत खरिद बिक्री दर र प्रक्रिया निर्धारण गर्ने ।

(ग) उत्पादित विद्युत खरिद बिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच विद्युत खरिद सम्झौता गर्न सहमति दिने ।

(घ) विद्युत मूल्यको लागत न्यूनतम बनाउन आवश्यक उपायको पहिचान गरी लागु गराउने ।

(ङ) प्रसारण तथा वितरण दस्तुर (ह्विलिङ चार्ज) निर्धारण गर्ने ।

(च) विशेष परिस्थितिमा विद्युत सेवासँग सम्बन्धित विषयमा निश्चित समयको लागि विद्युत महसुलमा अतिरिक्त महसुल (सरचार्ज) निर्धारण गर्ने ।

### १.१.३ प्रतिष्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने

आयोगले विद्युत बजारमा प्रतिष्पर्धा कायम गर्न तथा उपभोक्ताको हित संरक्षण गर्न देहायका कार्यहरू गर्नेछ :

(क) उपभोक्ताको हित संरक्षणको लागि आवश्यक उपाय पहिचान गरी कार्यान्वयन गर्ने वा गराउने ।

(ख) विद्युत खरिद बिक्रीको दरमा प्रतिष्पर्धाको वातावरण कायम गराउने ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच विद्युत महसुल दरमा प्रतिष्पर्धा गराउन आवश्यक उपायको पहिचान गरी लागू गराउने ।

(घ) विद्युत महसुल दरमा एकाधिकार (सिन्डिकेट) हुन नपाउने व्यवस्था गर्ने ।

(ङ) विद्युतको थोक बजार स्थापना, सञ्चालन तथा खरिद बिक्री प्रक्रिया निर्धारण गर्ने ।

(च) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन (मर्जर), आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक कम्पनीसँग मिली त्यस्तो व्यक्ति रहेको कम्पनीको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्विजिसन) वा ग्रहण (टेक ओभर) गर्नको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने वा गराउने ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) तथा प्राप्ति ( एक्विजिसन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिने ।

(ज) विद्युतको व्यापार गर्दा पालना गर्नुपर्ने सर्तहरू तोक्ने तथा त्यसको नियमित रुपमा अनुगमन गर्ने ।

(झ) प्रसारण लाइनमा रहेको विद्युतको गुणस्तर कायम गराउन समय समयमा जाँच परीक्षण गर्ने वा गराउने ।

(ञ) विद्युतीय प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने ।

### १.१.४ सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने

आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको सङ्गठनात्मक क्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गराउन देहाय बमोजिमको कार्य गर्नेछ :

(क) अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यक्षमता मूल्याङ्कनको स्तर तथा आधार निर्धारण गर्ने ।

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारवाहीलाई मर्यादित बनाउन आचारसंहिता तयार गरी लागू गर्ने ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिलाई विद्युतको बजार प्रवर्द्धन, विस्तार तथा विविधीकरण गर्न उत्प्रेरित गर्ने ।

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिको आन्तरिक नियन्त्रण, लेखा प्रणाली, लेखापरीक्षण विधिमा एकरुपता कायम गर्न मापदण्ड बनाई लागू गर्ने ।

(ङ) अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको सञ्चालक समितिका पदाधिकारी तथा अन्य पदाधिकारीले त्यस्तो संस्थालाई जानकारी गराउनुपर्ने विषय निर्धारण गरी त्यसलाई पालना गर्न लगाउने ।

(च) अनुमतिपत्र प्राप्त व्यक्तिको लेखा प्रणालीको आवश्यकता अनुसार आकस्मिक जाँच गर्ने ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिको कामकारबाहीमा सुशासन कायम गराउन आवश्यक निर्देशन दिने तथा मापदण्ड जारी गर्ने ।

### १.१.५ नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने

आयोगले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन गर्नुपर्ने नीतिगत सुधारका सम्बन्धमा आयोगले नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिनेछ ।

### १.१.६ जाँचबुझ तथा निरीक्षण गर्ने

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानून वा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका सर्त बमोजिम कार्य गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(ख) जाँचबुझ तथा निरीक्षण गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिसँग लेखा, अभिलेख, विवरण आदि माग गर्न वा स्थलगत रुपमा जाँचबुझ तथा निरीक्षण गर्न सकिनेछ ।

(ग) जाँचबुझ तथा निरीक्षण गर्ने पदाधिकारी वा कर्मचारीले त्यसको प्रतिवेदन तयार गरी आयोग समक्ष पेस गर्नुपर्ने छ र त्यस्तो प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(घ) आदेश तथा निर्देशन अनुमतिपत्र प्राप्त व्यक्तिले पालना नगरेमा आयोगले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई ऐनको दफा १९ को उपदफा (१) बमोजिम जरिवाना गर्न सक्नेछ ।

### १.१.७ विवाद समाधान गर्ने

देहायको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार आयोगलाई रहेको छ :

(क) अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच उत्पन्न विद्युत सम्बन्धी विवाद,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफूलाई मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दाबी गरेको विषय ।

## १.२ आयोगको सङ्गठनात्मक संरचना

आयोगद्वारा अनुसूची १ मा उल्लेख गरिए बमोजिम सङ्गठनात्मक संरचना तयार गरी मन्त्रालय समक्ष प्रस्ताव गरिएको छ ।

आयोगमा हाल एक सदस्य पद रिक्त भई देहाय बमोजिमका पदाधिकारी रहेका छन् :

| क्र.सं. | नाम | पद | नियुक्ती भएको मिति |
|---|---|---|---|
| १. | डा. राम प्रसाद धिताल | अध्यक्ष | २०८१ आषाढ १० |
| २. | श्री गौतम डंगोल | सदस्य | २०७८ चैत्र २३ |
| ३. | डा. मधुसुधन अधिकारी | सदस्य | २०८१ आषाढ १० |
| ४. | डा. झमक प्रसाद शर्मा | सदस्य | २०८१ आषाढ १० |
| ५. | श्री मन देवी श्रेष्ठ | सचिव | - |

ऐनले दफा ५ *आयोगको गठन* बमोजिम एक अध्यक्षका अतिरिक्त चार सदस्य निर्दिष्ट गरेको छ । तर हाल आयोगमा एक (१) महिला सदस्यको पद रिक्त रहेको अवस्था छ ।

आयोगले तत्कालको लागि प्रस्ताव गरेको अध्ययन प्रतिवेदनअनुसार आयोगको देहाय बमोजिमको सङ्गठनात्मक संरचना रहनेछ :

क. अध्यक्ष
ख. सदस्य
ग. सचिव
घ. लेखा समिति
ङ. प्राविधिक तथा इन्जिनियरिङ्ग विभाग
च. महसुल दर तथा आर्थिक विश्लेषण विभाग
छ. नियमन तथा सुपरिवेक्षण विभाग
ज. अन्य शाखाहरू

### १.२.१ आयोगको लेखा समिति

लेखा प्रणालीलाई नियमित र व्यवस्थित गर्ने भूमिका निर्वाह गर्न हेतु आयोगको अनुपालकको रुपमा एक लेखा समिति रहने छ । साथै उक्त समितिले आम्दानी र खर्च आयोगको नीति, नियम, उद्देश्य तथा कार्ययोजना अनुरुप स्वीकृत बजेटको परिधीभित्र राख्न अनुपालकको भूमिका निर्वाह गर्नेछ ।

### १.२.२ प्राविधिक तथा इन्जिनियरिङ्ग विभाग

प्राविधिक तथा इन्जिनियरिङ्ग विषयमा आयोगलाई सहयोग गर्न हेतु यस विभाग अन्तर्गत प्राविधिक तथा इन्जिनियरिङ्ग शाखा रहने छ ।

### १.२.३ महसुल दर तथा आर्थिक विश्लेषण विभाग

महसुल निर्धारणको सन्दर्भमा आयोगलाई सहयोग गर्न हेतु यस विभाग अन्तर्गत महसुल दर निर्धारण तथा वित्त विश्लेषण शाखा रहने छ । यस विभागको मुख्य काम महसुल निर्धारणको सन्दर्भमा आयोगलाई सहयोग गर्ने तथा आयोगको खर्च, आय, व्यय आदिको आर्थिक विश्लेषण गर्ने हुनेछ ।

### १.२.४ नियमन तथा सुपरिवेक्षण विभाग

यस विभागको मुख्य काम तथा कर्तव्य नियमन, सुपरिवेक्षण, योजना, अनुगमन, संस्थागत विकास, सुशासन, विवाद समाधान तथा बाह्य मामिला सम्बन्धी कार्यमा सघाउ पुऱ्याउनेछ । यस विभागमा नियमन तथा सुपरिवेक्षण र बाह्य सम्बन्ध शाखा रहने छ ।

### १.२.५ अन्य शाखाहरू

उपरोक्त शाखाहरू बाहेक आयोगमा निम्न शाखाहरु समेत रहने छन् :

- उपभोक्ता हित संरक्षण शाखा
- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा

यी शाखाहरूले उपभोक्ताको हक हितसँग सम्बन्धित विषयमा तथा आयोगको आन्तरिक एवम् आर्थिक प्रशासनको विषयमा आयोगलाई सहयोग गर्नेछन् । आयोगको मातहतमा रहने उपरोक्त विभाग तथा शाखाहरू आयोगको कार्यसम्पादनको लागि अत्यन्त आवश्यक रहनेछन् ।

नेपाल सरकारबाट आयोगको सङ्गठनात्मक संरचनाको स्वीकृति पश्चात् आयोगलाई नवीन ऊर्जाका साथ आफ्नो कार्य अघि बढाउन यस संरचनाले केही हदसम्म मद्दत पुऱ्याउने छ ।

## १.३ आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

आयोगको कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार, योग्यता, पारिश्रमिक, सुविधा तथा सेवाको शर्तसहितको कर्मचारी सम्बन्धी विनियमावलीको मस्यौदा आयोगको बैठकबाट स्वीकृत भई मन्त्रालय पठाइएको छ । लोक सेवा आयोगबाट उक्त विनियमावलीका केही विषयमा पुनरावलोकन गर्नु पर्ने सुझाव आएअनुसार आयोगले मन्त्रालयसंग समन्वय गरी विनियमावलीमा पुनरावलोकन तथा पुनर्विचार गरी पुनः पेश गर्ने क्रममा रहेको छ ।

यस विनियमावलीको स्वीकृति पश्चात् स्थायी दरबन्दी अनुसारका सम्पूर्ण रिक्त पद पूर्ति गर्ने आयोगको योजना रहेको छ ।

यद्दपी, ऐनको दफा ३१ को उपदफा (४) मा आयोगमा कर्मचारी नियुक्ति भई पदपूर्ति नभएसम्मका लागि मन्त्रालयले नेपाल सरकारका कुनै कर्मचारीलाई आयोगमा काम गर्नका लागि निश्चित अवधि तोकी काजमा खटाउन सक्ने व्यवस्था भए बमोजिम हाल मन्त्रालय अन्तर्गतका निकायबाट छ (६) जना राजपत्राङ्कित कर्मचारी तथा पाँच (५) जना राजपत्र अनङ्कित गरी जम्मा एघार (११) जना कर्मचारीहरू काजका रुपमा आयोगमा कार्यरत रहेको अवस्था छ भने करार

सेवामा कम्प्युटर अपरेटर, हलुका सवारी चालक तथा कार्यालय सहयोगीहरु गरी जम्मा १८ (अठार) जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

आयोगमा हाल काजमा तथा करार सेवामा कार्यरत रहेका कर्मचारीको विवरण निम्नानुसार रहेको छ :

काजमा कार्यरत कर्मचारीहरुः

| | |
|---|---|
| क. आयोगको सचिवको जिम्मेवारीमा कार्यरत सहसचिव | - १ जना |
| ख. सि.डि.ई | - १ जना |
| ग. इन्जिनियर | - ३ जना |
| घ. लेखा अधिकृत | - १ जना |
| ङ. नायब सुब्बा | - ३ जना |
| च. खरिदार | - १ जना |
| छ. लेखापाल | - १ जना |

करारमा कार्यरत कर्मचारीहरूः

| | |
|---|---|
| क. कम्प्युटर अपरेटर | - ६ जना |
| ख. हलुका सवारी चालक (ह.स.चा.) | - ६ जना |
| ग. कार्यालय सहयोगी | - ६ जना |

## १.४ आयोगको विगत ५ बर्षको मुल्याङ्कन

### १.४.१ आयोगको सबल पक्ष

विद्युत नियमन आयोग ऐनले निर्दिष्ट गरे अनुरुप विद्युत नियमन आयोगले हालसम्म गरेका कार्यहरुको विवरण देहायबमोजिम रहेको छ :

क. आयोगले नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) को आर्थिक पक्षको विस्तृत विश्लेषण गर्दै पहिलो पटक २०७७ असार महिनादेखि लागु हुने गरी ने.वि.प्रा.का समग्र उपभोक्ताको मासिक महशुल दर सरदरमा ९ प्रतिशतले र दोस्रो पटक २०७८ मङ्सिर महिनादेखि लागू हुने गरी समग्र उपभोक्ताको मासिक महसुल दरमा सरदरमा १.०४ प्रतिशतले घट्ने गरी विद्युत महसुल निर्धारण गरेको थियो।

ख. १० मेगावाटभन्दा कम क्षमताका जलविद्युत आयोजनाहरूबाट सुख्खायामका महिनामा उत्पादन हुने विद्युतको परिमाणको पूर्वानुमान (Availability Declaration) एक महिना अघि नै पेश गर्नु पर्ने र सो नमिलेको खण्डमा ने.वि.प्रा.लाई १०० प्रतिशत जरिवाना तिर्नु पर्ने व्यवस्था भएकोमा अब एक हप्ता अगाडि मात्र पनि उक्त समयको जलवायु सम्बन्धी तथ्याङ्कको आधारमा पूर्वानुमान गरी ने.वि.प्रा.मा पठाउन सकिने व्यवस्था गरिएको छ ।

ग. विगत पाँच वर्षमा आयोगले आवश्यक नियामकीय उपकरणहरुको तर्जुमा साथै समयानुकूल परिमार्जन पनि गरेको छ । यस अवधिमा आयोगले आफ्नो काम, कारवाही तथा अधिकारको प्रयोगलाई स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन एक (१) कार्यविधि, एक (१) विनियमावली, एक (१) संहिता, एक (१) म्यानुअल र छ (६) निर्देशिका जारी गरेको छ भने एक (१) निर्देशिका खारेज समेत गरेको छ ।

घ. आयोगले पाँच वर्षमा २३४ वटा बैठक बसी विभिन्न शीर्षक अन्तर्गतका १,०२३ वटा निवेदनउपर कारवाही सम्पन्न गरी निर्णय दिईसकेको छ जसमा प्राथमिक तथा हकप्रद शेयर निष्काशनको पुर्वस्वीकृतिको १२८ वटा, विद्युत कम्पनीको शेयर संरचना परिवर्तनमा स्वीकृतिको १२३ वटा, विद्युत कम्पनीको विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत सम्झौतामा सहमति प्रदान गर्ने सम्बन्धी १६८ वटा, विद्युत कम्पनीको विद्युत खरिद सम्झौतामा संशोधनका ४९४ वटा, विद्युत कम्पनीको स्वामित्व हस्तान्तरण/आयोजना, प्राप्ति र ग्रहणमा सहमति सम्बन्धी २८ वटा र विद्युत कम्पनीको शेयर खरिद बिक्रीको ६३ वटा निवेदन उपर निर्णय दिने कार्य पर्दछन् ।

### १.४.२ आयोगका सुधार्य पक्षहरु

आयोगको ५ बर्षे कार्यकाललाई मूल्याङ्कन गर्दा देहाय बमोजिमका कमजोरीहरु अथवा सुधार गर्नु पर्ने पक्षहरु देखिन्छ ।

**क. प्राविधिक (Technical), वित्तीय (Financial) तथा संस्थागत (Institutional) व्यवस्थापन**

आयोगले प्राविधिक (Technical), वित्तीय (Financial) तथा संस्थागत (Institutional) व्यवस्थापनको सन्दर्भमा आयोगको कार्यसम्पादन थप सुधार गर्नुपर्ने देखिन्छ । विद्युत नियमन आयोग ऐन, २०७४ ले आयोगलाई नेपालको विद्युत क्षेत्रको नियमन गर्ने गहन जिम्मेवारी प्रदान गरेको छ । साथै, उक्त ऐनले परिकल्पना गरेका विद्युत क्षेत्रको सुधार सम्बन्धी नियामकीय गतिविधिहरु आयोगले यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने हो र ती सुधारका गतिविधिहरु अघि बढाउने जिम्मेवारी पनि आयोगकै हो । उक्त अवधिमा यस गहन जिम्मवारीलाई पूर्ण गर्न आवश्यक मात्रामा कर्मचारीको नियुक्ति गरी क्षमता विकास गरिसक्नु पर्ने थियो । आयोगले त्यस दिशामा पनि ठोस प्रगति गर्न सकेन । यसका अतिरिक्त, विद्युत नियमन आयोग ऐन, २०७४ ले विद्युत नियमनमा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरुको अनुसरण गर्दै विद्युत क्षेत्रलाई प्रतिष्पर्धी, पारदर्शी एवम् उपभोक्ता केन्द्रित बनाउने अवधारणाले प्रेरित छ । यसका लागि नेपालको विद्युत क्षेत्रको अवस्थालाई मध्यनजर गर्दै उपयुक्त हिसाबले क्षेत्रीय एवम् प्रादेशिक रुपमा चलनचल्तीमा रहेका उत्कृष्ट अभ्यासहरुलाई प्रचलनमा ल्याउनु जरुरी हुन्छ । यसो गर्न कम्तिमा केही बर्षको लागि त्यस्ता विषयहरुमा पर्याप्त ज्ञान बटुलेका विज्ञहरुलाई परामर्शदाताको रुपमा नियुक्त गर्नु आवश्यक रहन्छ र साथ साथै, ती विषयमा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नु जरुरी हुन्छ । यसका अतिरिक्त, ज्ञान व्यवस्थापन (Knowledge Management) तथा संस्थागत स्मृति (Institutional Memory) को पनि उत्तिकै आवश्यकता हुन्छ । यद्यपी, विगत पाँच (५) बर्षमा आयोगले दीर्घकालीन रुपमा आयोगको क्षमता विकास हुने तथा प्राविधिक दक्षता आर्जन गर्ने तर्फ संस्थागत कदम पर्याप्त रुपमा चाल्न सकेको छैन ।

**ख. सरोकारवालाहरु माझको उपस्थिति**

आयोग विद्युत क्षेत्रको नियामक निकायका रुपमा विद्युत नियमन आयोग ऐन, २०७४ को प्रावधान अनुरुप स्थापना भएको अधिकारप्राप्त निकाय भए तापनि एक नयाँ निकाय भएको कारणले विद्युत क्षेत्रका सरोकारवालाहरु एवम् सर्वसाधारणहरु माझ आफ्नो काम, कर्तव्य र जिम्मेवारीको जानकारी दिँदै आफ्नो कार्य सञ्चालन एवम् कार्यसम्पादनमा समर्थन एवम् स्वीकार्यता विकास गर्नु पर्ने हुन्छ । त्यसमाथि उपभोक्ताको प्रत्यक्ष सरोकार भएको निकाय भएकाले सर्वसाधारणको राय, सुझाव र प्रतिक्रियासमेतका आधारमा आयोग अघि बढ्नु पर्ने हुन्छ । विशेष गरी, विद्युत सेवा प्रदायकहरुप्रति उपभोक्ताको गुनासो, विद्युत सेवा प्रदायकसंग हुने विवाद, विद्युतको थोक खरिदकर्ता तथा उत्पादक/बिक्रीकर्ता, आदि जस्ता विषयमा ठोस योगदान गर्न सक्ने निकायको रुपमा परिचित भए मात्र आयोगको स्वीकार्यता बढेर जान्छ । आफ्नो क्षेत्राधिकार स्पष्ट बनाई सहकार्य गर्नु पर्ने निकायहरुसंग सहकार्यको खाका कोर्ने र नियमन गर्नुपर्ने निकायलाई नियमनको औचित्य स्पष्ट गर्दै अघि बढ्नाले द्वन्द्वको स्थिति न्यूनीकरण हुने हुँदा आयोगको कार्यसम्पादनमा सहयोग पुग्ने गर्दछ । तर, यस विषयमा आयोगबाट विगत ५ बर्षमा विशेष प्रयत्न हुन नसकेको कारण नियामकीय उपकरणहरुको कार्यान्वयनमा समेत समस्या रहेको देखिन्छ ।

**ग. निवेदनको व्यवस्थापन तथा आयोगको निर्णय प्रक्रियामा स्पष्टता**

आयोगको आफ्नो आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) तथा सामान्य सञ्चालन प्रक्रिया ( Standard Operating Procedures) को तर्जुमा र कार्यान्वयन नहुँदा निर्णय प्रक्रिया अस्पष्ट रहेको देखियो । यसका अतिरिक्त, आयोगको आफ्नो बेग्लै स्थायी कार्यालय नभएको र हालको कार्यालय पूर्ण रुपमा कार्यसञ्चालनका लागि पर्याप्त नभएकाले आयोगमा बुझाइएका कागजातहरुको व्यवस्थापनमा चुनौती समेत देखिएको छ र त्यस्ता कागजातको सुरक्षा गर्नु र आवश्यक परेको कागजातको खोजीको कार्य समेत जटिल भएको देखिन्छ । यसका कारण आयोगले सरोकारवालाहरु माझ विश्वसनीयता आर्जन गर्न सकेन साथै सरोकारवालाहरु प्रति उत्तरदायित्व विकास गर्ने विषयमा पनि उच्च प्रगति देखिएन ।

**घ. नियामकीय उपकरणहरुको कार्यान्वयन**

विगत ५ वर्षमा केही नियामकीय उपकरण निर्माण भई जारी गरिए तापनि सिमित उपकरणहरुको बाहेक अन्यको कार्यन्वयन फितलो रहेको देखिन्छ । यसका अतिरिक्त, सुरुवाती चरणमा जारी गरिएका नियामकीय उपकरणहरु, जस्तैः उपभोक्ता विद्युत महसुल निर्धारण निर्देशिका, २०७६ तथा विद्युत खरिद बिक्री तथा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६, आदिलाई समयानुकुल हिसाबले सुधार गर्दै अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरुसंग तादम्यता मिल्ने गरी परिमार्जन गर्दै लैजानु पर्नेमा सो नगरिएको देखियो । साथै, नेपाल विद्युत ग्रीड संहिता (२०८०), उपभोक्ता हित संरक्षण सम्बन्धी निर्देशिका, २०८० तथा KPI Manual for Monitoring Performance of Electric Utilities, 2023 जस्ता गम्भीर प्रकृतिका नियामकीय उपकरण जारी गर्दा समेत आवश्यक मात्रामा गृहकार्य नगरेको देखियो र जारी गरे पश्चात ती उपकरणहरुको पालना भए नभएको अनुगमन गरी आवश्यक कारवाही पनि गरेको देखिदैन ।

**ङ. विद्युत क्षेत्र सुधार सम्बन्धी गतिविधि**

वृहत महत्वका विद्युत क्षेत्र सुधार सम्बन्धी गतिविधि मानिएका प्रसारण सञ्जालमा खुल्ला पहुँच, विद्युतमा थोक प्रतिष्पर्धा, प्रसारण तथा वितरण दस्तुर (ह्विलिङ चार्ज) निर्धारण, आदि विषय कार्यान्वयन भएनन् तथा ती कार्यहरुमा आवश्यक मात्रामा गृहकार्य गरिएको पाइएन । आयोग सरहका अन्तर्राष्ट्रिय नियामकहरुको कार्यदिशा हेर्ने हो भने आयोगको जिम्मेवारी विद्युत दर निर्धारण गर्ने, शेयर संरचना परिवर्तनमा स्वीकृति दिने, विद्युत खरिद बिक्रीको सम्झौतामा स्वीकृति दिने, आदि मात्र नभई उपभोक्ताले प्राप्त गर्ने सेवाको गुणस्तर, विश्वसनीयता तथा विकल्पहरु वृद्धि गर्ने तथा विद्युतको मूल्य न्यूनीकरण गर्ने तर्फ केन्द्रित हुनु पर्ने हो । विद्युत नियमन आयोग ऐन, २०७४ ले पनि यस विषयमा आवश्यक कानूनी मार्गदर्शन गरेको छ । यस्ता विषयहरु तत्काल कार्यान्वयन गर्न सम्भव नभएता पनि यस विषयमा आयोगले केही अध्ययन, अनुसन्धान गरी यस्ता कार्य अगाडी बढाउन आवश्यक प्रमाण जुटाउने (Evidence Generation) सम्मका कार्य गर्नुपर्ने हो । यद्दपी, विद्युत नियमन आयोग ऐन, २०७४ को मर्म अनुरुप यस्ता महत्वपूर्ण कार्यहरुमा खास प्रगति भएको देखिएन ।

## १.५ आयोगको नियामकीय मार्गचित्र

२०७६ बैशाखमा विद्युत नियमन आयोगका प्रथम अध्यक्ष एवम् सदस्यले पदभार ग्रहण गरेसंगै सञ्चालनमा आएको आयोगले यस आर्थिक वर्षमा आफ्नो संचालनको ५ वर्ष सम्पन्न गरेको छ। तत्कालिन, अध्यक्ष तथा सदस्यको कार्यकाल सकिए पश्चात् नेपाल सरकारद्वारा मिति १० असार २०८१ मा आयोगका अध्यक्षका रुपमा डा. राम प्रसाद धिताल तथा सदस्यका रुपमा डा. मधुसूदन अधिकारी र डा. झमक प्रसाद शर्मालाई नियुक्त गरेको हो । यसै क्रममा, श्री गौतम डंगोल भने आयोगका सदस्यको पदमा पहिलेदेखि बहाल रही आउनुभएको थियो। तसर्थ, हिजोका उपलब्धिहरुको वस्तुगत मूल्याङ्कन गरी आगामी दिनमा आयोगका काम कारवाहीलाई थप निष्पक्ष, सशक्त एवम् प्रभावकारी बनाउन विगतका अनुभवहरुबाट प्राप्त पाठ सिक्दै आयोगले भविष्यको मार्गदिशा एवम् मार्गचित्र तय गरेको छ।

पारदर्शिता, निष्पक्षता, जवाफदेहिता, अग्रसक्रियता र प्रतिक्रियाशिलताका सिद्धान्तहरुलाई आत्मसात गरेर आयोगले तयार गरेको मार्गचित्रमा देहाय बमोजिमका आन्तरिक र नियामकीय प्राथमिकताहरु छुट्याएको छ :

**आयोगको आन्तरिक प्राथमिकताहरु**

क. आयोगलाई प्राविधिक (Technical), वित्तीय (Financial), संस्थागत (Institutional) एवम् कार्यगत (Functional) रुपमा स्वतन्त्र एवं सक्षम नियामक निकाय बनाउनु ।
ख. आन्तरिक रुपमा पारदर्शिता, जवाफदेहीता एवं उपभोक्ता केन्द्रिकृत पद्दतिको अनुसरण गर्नु/गराउनु ।
ग. एक सक्षम एवं प्रभावकारी नियामक निकायको रुपमा आयोगको छवि विकास गर्नु ।

**आयोगको नियामकीय प्राथमिकताहरु**

क. राष्ट्रको ऊर्जा सुरक्षालाई मध्यनजर गर्दै ऊर्जा स्रोतमा विविधीकरणतर्फ अग्रसर हुनु ।
ख. विद्युत प्रणालीमा खुल्ला पहुँच लागू गर्दै विद्युतको आन्तरिक थोक बजार निर्माण गर्नु र विद्युत उत्पादकलाई बाह्य थोक बजारको पहुँच दिनु ।

ग. विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत खरिद गर्ने प्रक्रियालाई थप पारदर्शी र प्रतिष्पर्धी बनाउनु ।

घ. विद्युत उपभोक्ताको दीर्घकालीन हितलाई मध्यनजर गर्दै महसुल निर्धारण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित एवम् लागत-प्रतिविम्बित गराउनु ।

ङ. नियामकीय स्थायित्व तथा निष्पक्ष नियामकीय व्यवस्था विकास गरी विद्युत क्षेत्रलाई लगानीमैत्री बनाउनु ।

च. नेपालको विद्युत विकासलाई प्रभावकारी बनाउन अनुकुल नियामकीय संयन्त्रको विकास गर्नु ।

छ. विद्युत नियमन आयोग ऐन, २०७४ को मर्म अनुकुल विद्युतको थोक प्रतिष्पर्धा (Wholesale Competition) तथा खुद्रा प्रतिष्पर्धा (Retail Competition) लागू गर्नु ।

ज. नयाँ विद्युत ऐनले अन्य जिम्मेवारीहरु निर्दिष्ट गरेमा आवश्यकता अनुसार कार्यान्वयन गर्नु ।

झ. देशको आवश्यकता अनुरुप विद्युत क्षेत्र सुधारका सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायहरुबीच छलफललाई घनीभूत बनाउन नेतृत्वदायी भूमिका खेल्नु ।

# २ नेपालको विद्युत क्षेत्र

## २.१ उत्पादन


पछिल्ला वर्षहरुमा साना तथा मध्यम आकारका जलविद्युत तथा सौर्य विद्युतीय आयोजनाहरु बन्दै गइरहेको परिप्रेक्ष्यमा नेपाल विद्युतीय ऊर्जा उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख हुँदै आएको छ । आ.व. २०८०/८१ को मसान्तसम्म नेपालको ग्रीडमा ३,१५२.६४६ मे.वा. जडित क्षमताका आयोजनाहरु आबद्ध भई विद्युत उत्पादन भइरहेका छन् भने करिब ४.५ मे.वा. भने ग्रीडमा आबद्ध नभई (आइसोलेटेड) रुपमा सञ्चालनमा रहेका छन् ।

*तालिका १ नेपालमा प्रणाली सञ्चालनको अवस्था*

| विद्युत उत्पादन (आ.व. २०८०/८१ आषाढ मसान्तसम्म) | क्षमता (किलोवाट) |
|---|---|
| मुख्य ज.वि.आ. (ने.वि.प्रा.) - ग्रिड जडित | ५७८,६२४ |
| कुल साना ज.वि.आ. (ने.वि.प्रा.) - आइसोलेटेड | ४,५३६ |
| कुल ज.वि.आ. (ने.वि.प्रा.) | ५८३,१६० |
| कुल ज.वि.आ. (ने.वि.प्रा. सहायक) | ४९२,९०० |
| कुल ज.वि.आ. (स्वतन्त्र ऊर्जा उत्पादकहरु) | १,९१४,७७२ |
| कुल ज.वि.आ. (नेपाल) | २,९९०,८३२ |
| कुल थर्मल (ने.वि.प्रा.) | ५३,४१० |
| कुल सोलार | १०६,९४० |
| कुल सोलार (स्वतन्त्र ऊर्जा उत्पादकहरु) | ८१,९४० |
| कुल सहउत्पादन (स्वतन्त्र ऊर्जा उत्पादकहरु) | ६,००० |
| कुल जडित क्षमता - ग्रिड जडित | ३,१५२,६४६ |
| **कुल जडित क्षमता** | **३,१५७,१८२** |

आ.व. २०८०/८१ मा ने.वि.प्रा.को प्रणालीमा कुल १३,९६७ गिगावाट-घण्टा विद्युतको परिमाण उपलब्ध रहेको थियो । उक्त परिमाण मध्ये ने.वि.प्रा.का आफ्ना आयोजनाहरूबाट उत्पादित विद्युतको परिमाण झण्डै २१ प्रतिशत, ने.वि.प्रा.का सहायक कम्पनीहरुका आयोजनाबाट उत्पादित विद्युतको परिमाण झण्डै १९ प्रतिशत, स्वतन्त्र ऊर्जा उत्पादकहरूबाट खरिद गरिएको विद्युतको परिमाण ४७ प्रतिशत तथा भारतबाट आयातित विद्युतको परिमाण करिब १४ प्रतिशत रहेको थियो ।

**ऊर्जा आपुर्ति (गिगावाट-घण्टाः आ.व. २०८०/८१)**




*चित्र १ उर्जा आपूर्ति (गिगावाट-घण्टा : आ.व. २०८०/८१)*

*तालिका २ उपलब्ध विद्युतको स्रोत*

| विवरण | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | ऊर्जा आपुर्ति (गिगावाट-घण्टा) | प्रतिशत (%) | ऊर्जा आपुर्ति (गिगावाट-घण्टा) | प्रतिशत (%) |
| **ने.वि.प्रा.का आफ्ना आयोजनाहरू** | २,९३०.०० | २३.६९% | २,९११.०० | २०.८४% |
| **ने.वि.प्रा.का सहायक कम्पनीहरुका आयोजनाहरू** | २,४८८.०० | २०.११% | २,५९७.०० | १८.५९% |
| **स्वतन्त्र ऊर्जा उत्पादकहरूबाट खरिद** | ५,११८.०० | ४१.३८% | ६,५६४.०० | ४७.००% |
| **भारतबाट आयात** | १,८३३.०० | १४.८२% | १,८९५.०० | १३.५७% |
| **जम्मा** | **१२,३६९.००** | | **१३,९६७.००** | |

स्रोतः नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदन (आ.व. २०८०/८१)

त्यसै गरी, सञ्चालनमा रहेका आयोजनाका अतिरिक्त आ.व. २०८०/८१ को अन्त्यसम्म कुल ९,९५४.५० मेगावाटका २८८ आयोजनाले निर्माण/उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेका छन् ।

*तालिका ३ २०८१ साल आषाढ मसान्तसम्म विद्युत अनुमतिपत्रहरुको अवस्था*

| विवरण | जलविद्युत | | सौर्यविद्युत | | सहउत्पादन | | वायु | | थर्मल | | कुल संख्या | क्षमता (मे.वा.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | क्षमता (मे.वा.) | संख्या | क्षमता (मे.वा.) | संख्या | क्षमता (मे.वा.) | संख्या | क्षमता (मे.वा.) | संख्या | क्षमता (मे.वा.) | | |
| सञ्चालनमा रहेका आयोजना | १७७ | ३,००७.११ | १३ | ६८.३८ | १ | ३ | - | - | २ | ५३.४१ | **१९३** | **३,१३१.९०** |
| निर्माण अनुमतिपत्र | २७२ | ९,८५१.४४ | १४ | ९७.०६ | २ | ६ | - | - | - | - | **२८८** | **९,९५४.५** |
| सर्वेक्षण अनुमतिपत्र (निर्माण अनुमतिपत्र प्राप्तिको लागि दिइएका निवेदन समेत) | १८८ | १९,६२८.३६ | ५० | ८११.२ | १ | १५ | २ | १३ | - | - | **२४१** | **२०,४६७.५५** |
| सर्वेक्षण अनुमतिपत्रको लागि परेको निवेदन | ११२ | ३,११९.७९ | २० | ३९७ | १ | १० | | | | | **२६** | **१९.६८** |
| जम्मा | **७४९** | **३५,६०६.६९** | **९७** | **१,३७३.६४** | **५** | **३४** | **२** | **१३** | **२** | **५३.४१** | **७४८** | **३३,५७३.६३** |

स्रोतः विद्युत विकास विभागको वेबसाइट (२०८१ आषाढ मसान्त सम्मको)

## २.२ प्रसारण


हाल विद्युतको प्रसारण सम्बन्धी संरचनाको योजना, निर्माण तथा सञ्चालनको जिम्मेवारी ने.वि.प्रा.ले बहन गर्दै आएको छ। गत वर्षको तुलनामा ने.वि.प्रा. को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन अनुसार आ.व. २०८०/८१ मा ७६६

सर्किट कि.मि. प्रसारण लाइन विस्तार भएको छ। यो संगै नेपालमा कुल ६,५०८ सर्किट कि.मि. प्रसारण लाइन निर्माण भएको छ। वर्तमान अवस्थामा नेपालको प्रसारण लाइनको स्थिति देहाय बमोजिम रहेको छ:

*तालिका ४ नेपालमा प्रसारण लाइनको वर्तमान अवस्था*

| प्रसारण लाइन | विद्यमान (सर्किट कि.मि.) | प्रसारण लाइन निर्माण २०८०/८१ (सर्किट कि.मि.) |
|---|---|---|
| ४०० के.भी. | ६४४ | ४५० |
| २२० के.भी. | १,२१३ | ५८३ |
| १३२ के.भी. | ४,१३६ | १,२४८ |
| ६६ के.भी. | ५१४ | |

स्रोत: ने.वि.प्रा.को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन




स्रोत: ने.वि.प्रा.को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन

प्रसारण लाइनका साथै सबस्टेसन निर्माणको सन्दर्भमा पनि नेपाल सुधारोन्मुख अवस्थामा रहेको छ। नेपालमा प्रसारण सबस्टेसनको अवस्था निम्नानुसार रहेको छ :

*तालिका ५ नेपालमा प्रसारण सबस्टेसनको अवस्था*

| क्र. सं. | भोल्टेज रेटिङ्ग (के. भि.) | ट्रान्सफर्मर संख्या | कुल क्षमता (एम. भि. ए.) (आ. व. २०८०/८१) | गएको आ. व. को तुलनामा कुल वृद्धि(एम. भि. ए.) |
|---|---|---|---|---|
| १ | ४००/२२० | ९ | २३९० | १४४५ |
| २ | २२०/१३२ | ४३ | ३८७० | १६८० |
| ३ | २२०/३३ | ४ | १८६ | ० |
| ४ | १३२/६६ | १३ | ६३५ | २५ |
| ५ | १३२/३३ | ८५ | ३५३२ | ५३८ |
| ६ | १३२/११ | २९ | ८३५ | २८८ |
| ७ | ६६/३३ | ३ | ७० | १८ |
| ८ | ६६/११ | ३३ | ७८० | ११९ |
| ९ | ३३/११ | ५२ | ७५२ | ७१ |

स्रोत: ने.वि.प्रा.को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन

## २.३ प्रणाली सञ्चालन

नेपालको समग्र विद्युतीय प्रणालीको प्रणाली सञ्चालन ने.वि.प्रा. अन्तर्गतको विद्युत प्रणाली सञ्चालन विभाग (Power System Operation Department) ले वहन गर्ने गरेको छ। प्रणाली सञ्चालनको सम्बन्धमा विगतका बर्षहरुको तुलनामा देहायबमोजिमको अवस्था रहेको छ ।

*तालिका ६ नेपालमा प्रणाली सञ्चालनको अवस्था*

| आ. व. | राष्ट्रिय पिक डिमाण्ड (मे.वा.) | कुल पिक डिमाण्ड (मे.वा.) | आंशिक प्रणाली ट्रीप (Partial System Trips) | आंशिक प्रणाली ट्रीपको कुल अवधि (Cumulative Duration of System Trips) |
|---|---|---|---|---|
| २०७६/७७ | १,४०८.०० | - | ४१ | - |
| २०७७/७८ | १,४८२.०० | - | ४० | - |
| २०७८/७९ | १,७४८.०० | १,९६४.०० | ४४ | - |
| २०७९/८० | १,८७०.०० | १,९८६.०० | ७२ | ७ घण्टा ४८ मिनेट |
| २०८०/८१ | २,२१२.०० | २,४६७.०० | ६६ | ७ घण्टा ३८ मिनेट |

स्रोतः ने.वि.प्रा.को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन

## २.४ वितरण तथा खपत

नेपालमा नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) र बुटवल पावर कम्पनी लिमिटेड (बि.पि.सी.) गरी दुई विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थाहरू रहेका छन् ।

देशव्यापी रुपमा विद्युत वितरण गर्ने अनुमतिपत्र प्राप्त गरेको ने.वि.प्रा.ले देशव्यापी रुपमा विद्युतको वितरणको जिम्मेवारी बहन गर्दै आएको छ । ने.वि.प्रा. नेपालमा विद्युत उत्पादन, प्रसारण, वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ तरिकाले गरी विद्युत आपूर्तिको समुचित व्यवस्था गर्न नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापना भएको संस्था हो । विद्युत वितरकको हैसियतले ने.वि.प्रा.का गत आ.व. २०७९/८० भन्दा ६ प्रतिशतले वृद्धि भई हाल सामुदायिक तथा थोक उपभोक्तासमेत गरी कुल ५४ लाख ५९ हजार उपभोक्ता रहेका छन् । त्यसै गरी, बि.पि.सी.ले स्याङ्जा, पाल्पा, प्युठान र अर्घाखाँची जिल्लाका केही स्थानमा विद्युत वितरणका लागि अनुमतिपत्र प्राप्त गरेको छ र ६२,६६९ उपभोक्ताहरूलाई आफ्नो वितरण प्रणालीमार्फत विद्युत वितरण गरिरहेको छ ।

ने.वि.प्रा. तथा बि.पि.सी.का वार्षिक प्रतिवेदनहरुमा उल्लेख भए अनुसार नेपालको विद्युत वितरण क्षेत्रको परिदृश्य निम्न अनुसारको रहेको छ :


*तालिका ७ नेपालको विद्युत वितरण क्षेत्रको परिदृश्य*

| आ. व. | उपभोक्ता संख्या | | विद्युत विक्रीको परिमाण (गिगावाट-घण्टा) | | वितरण तथा प्रसारण क्षति (%) | |
|---|---|---|---|---|---|---|
| | ने.वि.प्रा. | बि.पि.सी. | ने.वि.प्रा. | बि.पि.सी. | ने.वि.प्रा. | बि.पि.सी. |
| २०७६/७७ | ४,२१८,५४२ | ५८,०९१ | ६,५२५.०० | ३८.८३ | १५.२७ | १५.६४ |
| २०७७/७८ | ४,५२९,२८९ | ५९,९८८ | ७,३१३.०० | ४२.५३ | १७.१८ | १६.५९ |
| २०७८/७९ | ४,७६६,०२१ | ६१,५५८ | ९,३३६.०० | ४६.७७ | १५.३८ | १६.८५ |
| २०७९/८० | ५,१३४,०५८ | ६२,६६९ | १०,६९३.०० | ४७.०३ | १३.४६ | १५.०३ |
| २०८०/८१ | ५,४५९,२७५ | ६३,०९५ | १२,१६५.०० | | १२.७३ | |

## २.५ विद्युत व्यापार तथा निर्यात

नेपालमा विद्युत आयोजनाहरुबाट उत्पादित विद्युत ने.वि.प्रा.ले खरिद गर्दछ । नेपालमा व्यावसायिक रुपमा उत्पादित विद्युत खरिद गर्ने एकल अख्तियारी ने.वि.प्रा.लाई प्राप्त भएको मान्न सकिन्छ । यसका अतिरिक्त, नेपाल सरकार मन्त्रिपरिषदद्वारा देशभित्र तथा सिमापार विद्युत व्यापार गर्ने प्रयोजनको लागि इजाजतपत्र प्रदान गरी सञ्चालनको लागि मार्गप्रशस्त गर्दै २०७३ सालमा नेपाल विद्युत व्यापार कम्पनी लिमिटेड (Nepal Power Trading Company Limited) को स्थापना गरिएको थियो । ने.वि.प्रा.ले नेपाल विद्युत व्यापार कम्पनी लिमिटेड मार्फत् देशभित्र तथा बाहिर विद्युत व्यापार गर्ने योजना राखेको छ। नेपाल सरकारबाट मिति २०७८ पौष ९ मा विद्युत व्यापार गर्ने स्वीकृति पाए पनि यो पूर्ण रुपमा सञ्चालनमा आउन पाएको छैन ।

ने.वि.प्रा.को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमश: नेपालले भारतलाई ४९४ गिगावाट-घण्टा, १,३३३ गिगावाट-घण्टा र १,९४३ गिगावाट-घण्टा विद्युत निर्यात गरेको थियो । विद्युत निर्यातको विस्तृत विवरण देहायबमोजिम रहेको छ :





*तालिका ८ नेपालका विद्युत निर्यातको विस्तृत विवरण*

| वर्ष | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | अषाढ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | २५६ | ३०५ | ४१८ | ३८० | ११४ | ० | ० | ० | ० | ० | ६८ | ४०१ | १,९४३ |
| २०७९/८० | २५२ | २५६ | २८१ | २०२ | ८८ | ० | ० | ० | ० | ० | २४ | २३० | १,३३३ |
| २०७८/७९ | ३ | ३८ | ८१ | ३३ | २८ | ० | ० | ० | ० | ० | ७० | २४० | ४९४ |

त्यसै गरी, आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमश: १,५४३ गिगावाट-घण्टा, १,८५५ गिगावाट-घण्टा तथा १,८३४ गिगावाट-घण्टा आयात समेत गरेको छ ।

विद्युत आयातको विस्तृत विवरण देहायबमोजिम रहेको छ :




*तालिका ९ नेपालका विद्युत आयातको विस्तृत विवरण*

| वर्ष | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | असाढ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १० | १ | १ | ० | २६ | १६३ | ३२४ | ३९५ | ३४९ | ३५७ | १८८ | १९ | १,८३४ |
| २०७९/८० | २५ | २१ | ६ | १ | १९ | २०३ | ३११ | ३१८ | ३३६ | ३९६ | १८४ | ३५ | १,८५५ |
| २०७८/७९ | ९२ | १४ | ५ | ० | २१ | १८३ | २८१ | ३२७ | २५१ | २३० | ८७ | ५१ | १,५४३ |

यस आर्थिक बर्षमा नेपालको कुल आयात भन्दा निर्यात अधिक भएकाले विद्युत व्यापार तथा निर्यातको सन्दर्भमा आर्थिक वर्ष २०८०/८१ मा अर्थपूर्ण रहेको छ।

# ३ आ.व. २०८०/०८१ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू र आयोजना गरेका कार्यक्रमहरू

आ.व. २०८०/०८१ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू र आयोजना गरेका कार्यक्रमहरू निम्नानुसार रहेका छन् र ती कार्यक्रमहरुमा खिचिएका तस्विरहरु अनुसूची २ मा रहेका छन्।

## ३.१ स्वीकृति/पूर्वस्वीकृति/सहमति सम्बन्धमा निर्णय

आ.व. २०८०/०८१ मा आयोगद्वारा विद्युत कम्पनीका विभिन्न दुई सय त्रिपन्न (२५३) वटा निवेदनउपर कारबाही गरी स्वीकृति, पूर्वस्वीकृति तथा सहमति सम्बन्धी निर्णय गरिएको छ।

*तालिका १० आ.व. २०८०/०८१ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू*

| क्र.सं. | व्यहोरा | आ.व. २०८०/०८१ मा निर्णय भएको सङ्ख्या |
|---|---|---|
| १ | प्राथमिक तथा हकप्रद शेयर निष्कासनको पूर्वस्वीकृति | ५४ |
| २ | विद्युत कम्पनीको शेयर संरचना परिवर्तनमा स्वीकृति | २६ |
| ३ | विद्युत कम्पनीको विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत सम्झौतामा सहमति | ५८ |
| ४ | विद्युत कम्पनीको विद्युत खरिद सम्झौताको संशोधनमा सहमति | ८८ |
| ५ | विद्युत कम्पनीको स्वामित्व हस्तान्तरण, आयोजना प्राप्ति र ग्रहण उपरको सहमति | ४ |
| ६ | विद्युत कम्पनीको शेयर खरिद बिक्रीको सहमति | २३ |
| जम्मा | | २५३ |

## ३.२ आ.व. २०८०/८१ का लागि विद्युत उपभोक्ता महसुल दर समायोजनको लागि आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम तथा कारबाही

विद्युत वितरण अनुमतिपत्रप्राप्त संस्था बुटवल पावर कम्पनी (बि.पि.सी.) द्वारा मिति २०८०/१०/२१ मा विद्युत नियमन आयोगसमक्ष आँधिखोला वितरण केन्द्रबाट वितरण गरिने विद्युतको उपभोक्ता महसुल दर निर्धारण तथा पुनरावलोकनका लागि निवेदन पेश गरिएको थियो। हाल बि.पि.सी.ले आँधिखोला वितरण केन्द्र मार्फत स्याङ्जा तथा पाल्पा जिल्लाका करिब ३९,९६७ उपभोक्ता र झिमरुक वितरण केन्द्रमार्फत प्युठान तथा अर्घाखाँचीका २३,२९८ जना उपभोक्ताहरुलाई विद्युत सेवा प्रदान गर्दै आइरहेको छ। उक्त कम्पनीले पेस गरेको निवेदनउपर कारबाहीका सम्बन्धमा आयोगद्वारा विभिन्न मितिमा अपुग कागजात तथा विवरणहरु समेत माग गरी सम्पूर्ण विवरणहरुको अध्ययन पश्चात विद्युत नियमन आयोग महशुल निर्धारणसम्बन्धी निर्देशिका, २०७६ बमोजिम मिति २०८०/१२/२८ गते गोरखापत्र दैनिकमा सरोकारवालाको सुझाव तथा सल्लाहका निमित्त सार्वजनिक सूचना समेत प्रकाशित गरेको थियो। त्यस लगत्तै, आयोगद्वारा मिति २०८१/०१/१४ गते स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा न.१ स्थित सिटि हल परिसरमा सरोकारवालाको सल्लाह तथा सुझावका निमित्त सार्वजनिक सुनुवाइको कार्यक्रमसमेत सम्पन्न गरिएको थियो।

उक्त कम्पनीले २०४८ साल बैशाखबाट आँधिखोला क्षेत्रमा विद्युतीकरणको सुरुवात गरेको थियो भने यसको वितरण अनुमतिपत्रको अवधि वि.स. २१०१ चैत्र महिनासम्म कायम रहको छ। यस आँधिखोला वितरण केन्द्रबाट वितरित विद्युतको महसुल दर पछिल्लो पटक वि.स. २०७३ साल श्रावण महिनामा गरिएको थियो। बि.पि.सी.द्वारा पेश गरिएको उक्त निवेदनउपर आयोगले २०८१/०१/२४ मा बसेको २३२औं बैठकद्वारा आँधिखोला विद्युत वितरण केन्द्रको महसुल औषतमा ३९.३७ प्रतिशतले बढ्ने गरी विद्युत महसुल निर्धारण गरेको थियो। आयोगको उक्त निर्णय विरुद्ध आँधिखोला विद्युत वितरण केन्द्रको महसुल वृद्धि विरुद्धको संघर्ष समिति, स्याङ्जाद्वारा मिति २०८१/०४/१७ मा पुनरावलोकनका निमित्त निवेदन पेश गरिएकोमा हाल सो विषय पुनरावलोकनको प्रक्रियामा रहेको छ।

## ३.३ अनुगमन सम्बन्धी कार्यहरु

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १७ ले निर्दिष्ट गरेको जांचबुझ तथा निरीक्षण गर्ने अधिकार एवंम् जिम्मेवारी बमोजिम आ.व. २०८०/८१ मा निम्न आयोजनाहरुको स्थलगत अनुगमन गरेको थियो।

| क्र. सं. | अनुगमन कर्ता | मिति | आयोजना |
|---|---|---|---|
| १ | श्री विशाल श्रेष्ठ, इन्जिनियर (हा. पा.)<br>श्री सन्दीप न्यौपाने, इन्जिनियर (इ. ले.) | भाद्र ३१ – आश्विन ३, २०८० | नेपाल वाटर एन्ड इनर्जी कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो त्रिशूली - १ (२१६ मे. वा), नुवाकोट र रसुवा जिल्लाहरु<br>त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित त्रिशूली - ३ बी (३७ मे.वा), नुवाकोट र रसुवा जिल्लाहरु<br>लाङटाङ भोटेकोशी हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित लाङटाङ भोटेकोशी (१२० मे.वा), रसुवा जिल्ला<br>रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित रसुवागढी आयोजना (१११ मे. वा), रसुवा जिल्ला |
| २ | श्री गौतम डंगोल, सदस्य<br>श्री श्यामहरि विजुक्छे, प्रशासन/लेखा अधिकृत | कार्तिक २० - कार्तिक २५, २०८० | श्वेतगंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्शन लिमिटेडद्वारा प्रवर्द्धित लिखु तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे.वा.), रामेछाप जिल्ला<br>ग्रीन भेन्चर्स लिमिटेडद्वारा प्रवर्द्धित लिखु हाइड्रोइलेक्ट्रिक आयोजना (५२.४ मे.वा.), ओखलढुंगा र रामेछाप जिल्लाहरु |
| ३ | श्री गोकर्ण राज पन्थ, सचिव | मङ्सिर १७ - मङ्सिर २२, २०८० | सान्भी इनर्जी लिमिटेडद्वारा प्रवर्द्धित जोगमाई खोला जलविद्युत केन्द्र -७.६ मे.वा.), इलाम जिल्ला<br>सान्भी इनर्जी लिमिटेडद्वारा प्रवर्द्धित जोगमाई क्यास्केड जलविद्युत आयोजना -५.२ मे.वा.), इलाम जिल्ला |
| ४ | भागीरथी भट्टराई ज्ञवाली | माघ २४ - माघ २९, २०८० | तिनाउ जलविद्युत आयोजना (१ मे.वा.), पाल्पा जिल्ला |

### ३.४ आयोगको कार्यसञ्चालनको पाचौं वार्षिकोत्सव सम्बन्धी कार्यक्रम

आयोगले पाचौं वार्षिकोत्सवको अवसरमा विद्युत विकास विभागको सभा हलमा वार्षिकोत्सव कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रमलाई आयोगका वरिष्ठ सदस्य श्री गौतमडंगोलज्यूले उद्घाटन गर्दै प्रमुख अतिथ्यता गर्नुभएको थियो । कार्यक्रममा आयोगका पूर्व पदाधिकारी, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सह-सचिवहरु तथा आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा आयोगको पहिचान तथा प्रगति सम्मिलित श्रव्यदृष्य प्रदर्शन गरिएको थियो । उक्त अवसरमा प्राप्त भएको शुभकामना, सल्लाह तथा सुझावहरूले आफ्नो काम, कर्तव्य र जिम्मेवारी बहन गर्ने सवालमा थप ऊर्जा प्रदान गरेको छ ।

### ३.५ आयोगका प्रथम पदाधिकारीहरुको बिदाई कार्यक्रम

विद्युत नियमन आयोगका प्रथम पदाधिकारीहरु अध्यक्ष श्री दिल्ली बहादुर सिंह तथा सदस्य श्री भागीरथी भट्टराई ज्ञवालीको पाँच वर्षे कार्यकाल मिति २०८१ साल बैशाख २५ गते समाप्त भएको छ । आफ्नो पाँच बर्षे कार्यकाल सफलतापूर्वक पूरा गरेको उपलक्ष्यमा आयोगद्वारा सोही दिन अर्थात् मिति २०८१ साल बैशाख २५ मा तत्कालिन पदाधिकारीहरुको विदाई कार्यक्रम आयोजना गरेको थियो । उहाँहरुले आयोगको स्थापनाकालदेखि हालसम्मको कार्य सञ्चालनमा नेतृत्वदायी कौशलता प्रदर्शन गर्नुभएको थियो । नेपालको समग्र विद्युत तथा ऊर्जा क्षेत्रमा नियमनको अवधारणालाई समुचित आकार दिने, निष्पक्ष अभ्यासहरू अवलम्बन गर्ने तथा ऊर्जाको दिगो विकासलाई प्रोत्साहन गर्ने लगायतका विषयमा प्रथम पदाधिकारीहरुको योगदान महत्त्वपूर्ण मानिएको छ । आयोगका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा आयोजित उक्त समारोहमा हालसम्म हासिल गरिएका उपलब्धिहरू तथा आयोगको स्थापनासंगै देशको समग्र ऊर्जा क्षेत्रमा परेको दिगो प्रभावका सम्बन्धमा विश्लेषण गरिएको थियो । निवर्तमान पदाधिकारीहरूद्वारा आफ्नो सेवा अवधिमा सहयोग गर्नुहुने नेपाल सरकार, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, आयोगका कर्मचारीहरु तथा सम्पूर्ण सरोकारवाला प्रति कृतज्ञता व्यक्त गर्नुका साथै आगामी वर्षहरूमा आयोगको निरन्तर सफलताको लागि शुभकामना समेत व्यक्त गर्नुभयो ।

### ३.६ आयोगका नवनियुक्त पदाधिकारीहरुको स्वागत कार्यक्रम

आयोगका तत्कालिन पदाधिकारीको पाँच वर्षे कार्यकाल वि.सं. २०८१ वैशाख २५ गते समाप्त भएकोमा आयोगको अध्यक्ष तथा ३ सदस्यको रिक्त पदमा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयद्वारा गठित विद्युत नियमन

आयोगको अध्यक्ष र सदस्य नियुक्ति सिफारिस समितिले मिति २०८१/०१/२१ मा आयोगको अध्यक्ष तथा २ सदस्यहरुको नियुक्तिका लागि सूचना जारी गरेको थियो । सोहीअनुरुप नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८१/०३/१० बसेको बैठकद्वारा डा. राम प्रसाद धिताल (अध्यक्ष) तथा डा. मधुसुधन अधिकारी (सदस्य) र डा. झमक प्रसाद शर्मा (सदस्य) को रुपमा नियुक्त गरिएको थियो । त्यसैगरी, उल्लिखित पदाधिकारीहरुद्वारा २०८१/०३/१० मा आधिकारिक रुपमा पदबहाली गर्नु भएको थियो । सोही अवसरमा, विद्युत नियमन आयोगद्वारा नवनियुक्त पदाधिकारीहरुको स्वागतका लागि मिति २०८१/०३/१० मा आयोगका सदस्य श्री गौतम डंगोलको सभापतित्वमा स्वागत कार्यक्रम आयोजना गरिएको थियो । सो कार्यक्रममा नवनियुक्त पदाधिकारीद्वारा आयोगको हालको अवस्थाको समिक्षा गर्दै आगामी कार्यदिशाका सम्बन्धमा छलफल गरिएको थियो ।

# ४ आ.व. २०८०/०८१ मा भएको आयोगको आय व्ययको विवरण

## ४.१ आयोगको कोष

विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ द्वारा निर्देशित प्रावधानबमोजिम २०७६/०१/२५ मा स्थापना भएको यस आयोगको कोषमा निम्न शीर्षकबाट प्राप्त रकम रहन सक्नेछ :

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) कुनै व्यक्ति वा संघसंस्थाबाट प्राप्त रकम,
(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,
(घ) विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,
(ङ) विद्युत व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत व्यापारबाट गरेको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,
(च) राष्ट्रिय ग्रिड प्रयोग गरी विद्युत निकासी गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ्ग चार्ज) को एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,
(छ) ऐनको दफा २० बमोजिम प्राप्त सेवा शुल्क,
(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

आयोगले उपरोक्त कोषमा जम्मा भएको रकमबाट सम्पूर्ण खर्च व्यहोर्ने गरेको छ । आयोगको आफ्नै स्रोतबाट सम्पूर्ण खर्च व्यहोरिएको सन्दर्भमा आयोग आर्थिक रुपले आत्मनिर्भर भएको छ तथा आ.व. २०७७/०७८ देखि आयोगमा नेपाल सरकारबाट बजेट विनियोजन गर्नु परेको छैन ।

## ४.२ आ.व. २०८०/०८१ मा आयोगको बजेट तथा खर्चको विवरण

देहाय बमोजिमको शीर्षकमा उल्लेख गरिए अनुसार नियामकीय शुल्क, अन्य दस्तुर मार्फतको आम्दानी र अघिल्लो आ.व.को सञ्चित रकम गरी आयोगको कोषमा रु. २३,२१,५१,९९९.०० (अक्षरेपी तेईस करोड एक्काईस लाख एकाउन्न हजार नौ सय उनान्सय रुपैयाँ मात्र) रहेको छ । आ.व. २०८०/८१ मा आयोगमा रहेकोमा पुँजीगत खर्चतर्फ रु. ८,२८,२४८.०० (अक्षरेपी आठ लाख अट्ठाइस हजार दुई सय अठ्चालिस रुपैयाँ मात्र) तथा चालु खर्चतर्फ रु. ८,३१,०७,४५९.०५ (अक्षरेपी आठ करोड एक्तीस लाख सात हजार चार सय उनान्साठी रुपैयाँ र पाँच पैसा) खर्च गरी जम्मा रु. ८,३९,३५,७०७.०५ (अक्षरुपी आठ करोड उनान्चालीस लाख पैतीस हजार सात सय सात रुपैयाँ र पाँच पैसा मात्र) खर्च भएको छ ।

*तालिका ११ आ.व. २०८०/०८१ मा आयोगको आम्दानी तथा खर्चको विवरण*

| क्र.सं. | व्यहोरा | रकम रु. | क्र.सं. | व्यहोरा | रकम रु. |
|---|---|---|---|---|---|
| १ | गत आ.व.को अ.ल्या. | १५,७०,९८,३०८.०० | १ | चालु तर्फको खर्च | ८,३१,०७,४५९.०५ |
| २ | गत वर्षको चेक भुक्तानी नभएको बाँकी आम्दानी | - | २ | पुँजीगत तर्फको खर्च | ८,२८,२४८.०० |
| | गत आर्थिक वर्षको जम्मा: | **१५,७०,९८,३०८.००** | ३ | बढी आम्दानी फिर्ता | ४,५०,०००.०० |
| ३ | **चालु आ.व.को आम्दानी:** | | ४ | राजश्व खातामा जम्मा | १,००,०००.०० |
| ४ | विद्युत खरिद बिक्री वापतको आम्दानी | १,९७,३६,१९१.०० | ५ | बैंक मौज्दात | १४,७६,६६,२९१.९५ |
| ५ | शेयर संरचना परिवर्तन वापतको आम्दानी | ३३,४०,०००.०० | | | |
| ६ | शेयरको सार्वजनिक निष्काशन वापतको आम्दानी | ४,४१,७७,५००.०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **७** | शेयर खरिद विक्री बापत | ७८,००,०००.०० | | | |
| चालु आर्थिक वर्षको जम्मा: | | **७,५०,५३,६९१.००** | | | |
| **कुल जम्मा:** | | 23,39,49,999.00 | **कुल जम्मा:** | | 23,39,49,999.00 |

## ४.३ आ.व. २०८०/८१ को वित्तीय प्रगति विवरण

आ.व. २०८०/८१ मा आयोगद्वारा सुरुको बजेट रु. १३,०९,१५,४७४.६७ (अक्षरेपी तेह्र करोड नौ लाख पन्ध्र हजार चार सय चौहत्तर रुपैयाँ र सठ्सठ्ठी पैसा मात्र) लाई संशोधन गरी अन्तिम बजेट रु. १६,४३,१८,४७४.६७ (अक्षरेपी सोह्र करोड त्रिचालीस लाख अठार हजार चार सय चौहत्तर रुपैयाँ र सठ्सठ्ठी पैसा मात्र) कायम गरिएको थियो। उक्त विनियोजित बजेट मध्ये आयोगद्वारा रु. ८,३९,३५,७०७.०५ (अक्षरेपी आठ करोड उनान्चालीस लाख पैतीस हजार सात सय सात रुपैयाँ र पाँच पैसा मात्र) निकासा गरी खर्च गरिएको थियो।

आ.व. २०८०/८१ मा आयोगको वित्तीय प्रगति ५१.०८ प्रतिशत रहेको छ।

*तालिका १२ आ.व. २०८०/०८१ को वित्तीय प्रगति विवरण*

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | कुल बजेट | १३,०९,१५,४७४.६७ |
| २ | संशोधित अन्तिम बजेट | १६,४३,१८,४७४.६७ |
| ३ | जम्मा खर्च | ८,३९,३५,७०७.०५ |
| **प्रगति प्रतिशत** | | **५१.०८ प्रतिशत** |

*तालिका १३ आ.व. २०८०/०८१ मा आयोगको खर्चको विवरण*

| शीर्षकको नाम | आ.व. २०८०/८१ को शुरु बजेट | | | आ.व. २०८०/८१ को संशोधित बजेट | | | आ.व. २०८०/८१ को यथार्थ बजेट | |
|---|---|---|---|---|---|---|---|---|
| | अर्थ मन्त्रालयबाट विनियोजित रकम | आयोगको आम्दानीबाट व्यहोरिने रकम | जम्मा बजेट रकम | थप | घट | अन्तिम बजेट रकम | निकासा रकम | जम्मा खर्च रकम |
| **पूँजीगत खर्च** | | | | | | | | |
| सवारी साधन | | १,३१,८०,०००.०० | १,३१,८०,०००.०० | | १,२५,००,०००.०० | ६,८०,०००.०० | ७५,०००.०० | ७५,०००.०० |
| मेशिनरी तथा औजार | | ३४,००,०००.०० | ३४,००,०००.०० | | | ३४,००,०००.०० | ४,३५,६५७.०० | ४,३५,६५७.०० |
| फर्निचर तथा फिक्चर्स | | १८,८०,०००.०० | १८,८०,०००.०० | | | १८,८०,०००.०० | ३,१७,५९१.०० | ३,१७,५९१.०० |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | | ६८,००,०००.०० | ६८,००,०००.०० | | ६०,००,०००.०० | ८००,०००.०० | - | - |
| निर्मत भवनको संरचनागत सुधार | | ८१,१०,०००.०० | ८१,१०,०००.०० | | | ८१,१०,०००.०० | - | - |
| **पूँजीगत खर्च जम्मा** | | **३,३३,७०,०००.००** | **३,३३,७०,०००.००** | | **१,८५,००,०००.००** | **१,४८,७०,०००.००** | **८,२८,२४८.००** | **८,२८,२४८.००** |
| **चालुगत खर्च** | | | | | | | | |
| पारिश्रमिक कर्मचारी | | १,४०,८४,७३५.१७ | १,४०,८४,७३५.१७ | | | १,४०,८४,७३५.१७ | ६९,२६,९९६.४० | ६९,२६,९९६.४० |
| पारिश्रमिक पदाधिकारी | | ४७५७,८३७.५० | ४७५७,८३७.५० | | | ४७५७,८३७.५० | २७,०७,८३९.०० | २७,०७,८३९.०० |
| पोशाक | | ३,९०,०००.०० | ३,९०,०००.०० | | | ३,९०,०००.०० | १,३०,०००.०० | १,३०,०००.०० |
| औषधी उपचार खर्च | | ७,१९,६७०.०० | ७,१९,६७०.०० | | | ७,१९,६७०.०० | - | - |
| महंगी भत्ता | | ९,३६,०००.०० | ९,३६,०००.०० | | | ९,३६,०००.०० | २,२६,०००.०० | २,२६,०००.०० |
| कर्मचारी बैठक भत्ता | | २०,४०,०००.०० | २०,४०,०००.०० | | | २०,४०,०००.०० | ८,२०,५००.०० | ८,२०,५००.०० |
| प्रोत्साहन भत्ता | | ७,०९,८३५.०० | ७,०९,८३५.०० | | | ७,०९,८३५.०० | - | - |
| अन्य भत्ता | | २४,३२,८००.०० | २४,३२,८००.०० | | | २४,३२,८००.०० | १४,९९६.०० | १४,९९६.०० |

| शीर्षकको नाम | आ.व. २०८०/८१ को शुरु बजेट | | | आ.व. २०८०/८१ को संशोधित बजेट | | | आ.व. २०८०/८१ को यथार्थ बजेट | |
|---|---|---|---|---|---|---|---|---|
| | अर्थ मन्त्रालयबाट विनियोजित रकम | आयोगको आम्दानीबाट व्यहोरिने रकम | जम्मा बजेट रकम | थप | घट | अन्तिम बजेट रकम | निकासा रकम | जम्मा खर्च रकम |
| पदाधिकारी बैठक भत्ता | | १६,८०,०००.०० | १६,८०,०००.०० | | | १६,८०,०००.०० | ५,९५,०००.०० | ५,९५,०००.०० |
| पदाधिकारी अन्य सुबिधा | | ३,९८,०००.०० | ३,९८,०००.०० | | | ३,९८,०००.०० | ६५,१६८.०० | ६५,१६८.०० |
| पदाधिकारी अन्य भत्ता | | १,२०,०००.०० | १,२०,०००.०० | | | १,२०,०००.०० | ६२,२५७.०० | ६२,२५७.०० |
| योगदानमा आधारित वीमा | | ३,७४,४००.०० | ३,७४,४००.०० | | | ३,७४,४००.०० | ४५,२००.०० | ४५,२००.०० |
| अन्य सामाजिक सुरक्षा | | ९,८२,८००.०० | ९,८२,८००.०० | | | ९,८२,८००.०० | - | - |
| पानी तथा विजुली | | १९,४४,०००.०० | १९,४४,०००.०० | | | १९,४४,०००.०० | ७,८१,०८०.०० | ७,८१,०८०.०० |
| सञ्चार महसुल | | ११,९४,०००.०० | ११,९४,०००.०० | | | ११,९४,०००.०० | ४,५७,४७९.०० | ४,५७,४७९.०० |
| इन्धन पदाधिकारी | | २७,५०,०००.०० | २७,५०,०००.०० | | | २७,५०,०००.०० | १७,७०,१३८.०० | १७,७०,१३८.०० |
| इन्धन कार्यालय प्रयोजन | | १२,७८,०००.०० | १२,७८,०००.०० | | | १२,७८,०००.०० | ७,०९,१३०.०० | ७,०९,१३०.०० |
| सवारी साधन मर्मत खर्च | | १३,२७,५००.०० | १३,२७,५००.०० | | | १३,२७,५००.०० | १२,०१,७८२.०० | १२,०१,७८२.०० |
| बीमा तथा नवीकरण खर्च | | ११,७५,०००.०० | ११,७५,०००.०० | | | ११,७५,०००.०० | १,८२,३४५.०० | १,८२,३४५.०० |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | १९,००,०००.०० | १९,००,०००.०० | | | १९,००,०००.०० | १,५३,६००.०० | १,५३,६००.०० |
| निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च | | ५,००,०००.०० | ५,००,०००.०० | | | ५,००,०००.०० | १,५७,०८३.०० | १,५७,०८३.०० |
| मसलन्द तथा कार्यालय सामान | | १९,५०,०००.०० | १९,५०,०००.०० | | | १९,५०,०००.०० | १४,२२,३५० | १४,२२,३५० |
| पुस्तक तथा सामाग्री खर्च | | ३,२५,०००.०० | ३,२५,०००.०० | | | ३,२५,०००.०० | ३,५००.०० | ३,५००.०० |
| इन्धन अन्य प्रयोजन | | ४,०८,०००.०० | ४,०८,०००.०० | | | ४,०८,०००.०० | ७७,७००.०० | ७७,७००.०० |

| शीर्षकको नाम | आ.व. २०८०/८१ को शुरु बजेट | | | आ.व. २०८०/८१ को संशोधित बजेट | | | आ.व. २०८०/८१ को यथार्थ बजेट | |
|---|---|---|---|---|---|---|---|---|
| | अर्थ मन्त्रालयबाट विनियोजित रकम | आयोगको आम्दानीबाट व्यहोरिने रकम | जम्मा बजेट रकम | थप | घट | अन्तिम बजेट रकम | निकासा रकम | जम्मा खर्च रकम |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | ५०,८४,०००.०० | ५०,८४,०००.०० | | | ५०,८४,०००.०० | १९,६४,३९९.०० | १९,६४,३९९.०० |
| अन्य कार्यालय सन्चालन खर्च | | ६,००,०००.०० | ६,००,०००.०० | | | ६,००,०००.०० | २६,६३३.०० | २६,६३३.०० |
| सेवा र परामर्श खर्च | | २१,५०,०००.०० | २१,५०,०००.०० | | | २१,५०,०००.०० | ४,६५,६१६.०० | ४,६५,६१६.०० |
| सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | | ९,५५,०००.०० | ९,५५,०००.०० | | | ९,५५,०००.०० | - | - |
| करार सेवा शुल्क | | ८०,७३,८९७.०० | ८०,७३,८९७.०० | | | ८०,७३,८९७.०० | ६२,४६,०००.९७ | ६२,४६,०००.९७ |
| कर्मचारी तालिम खर्च | | २१,००,०००.०० | २१,००,०००.०० | | | २१,००,०००.०० | ४२,२६२.०० | ४२,२६२.०० |
| कार्यक्रम खर्च | | १,७२,००,०००.०० | १,७२,००,०००.०० | | | १,७२,००,०००.०० | २७,३१,५८८.०० | २७,३१,५८८.०० |
| अनुगमन, मूल्यांकन खर्च | | २४,००,०००.०० | २४,००,०००.०० | | | २४,००,०००.०० | ३,०१,७५५.०० | ३,०१,७५५.०० |
| भ्रमण खर्च | | ८१,०५,०००.०० | ८१,०५,०००.०० | | | ८१,०५,०००.०० | ३,७८,५५७.०० | ३,७८,५५७.०० |
| विविध खर्च | | २१,५०,०००.०० | २१,५०,०००.०० | ५,१९,०३,०००.०० | | ५,४०,५३,०००.०० | ५,२४,४०,५०४.६८ | ५,२४,४०,५०४.६८ |
| घर भाडा | | ३६,००,०००.०० | ३६,००,०००.०० | | | ३६,००,०००.०० | - | - |
| सवारी साधन तथा मेसिनरी औजार भाडा | | ७,५०,०००.०० | ७,५०,०००.०० | | | ७,५०,०००.०० | - | - |
| **चालुगत खर्च जम्मा** | | ९,७५,४५,४७४.६७ | ९,७५,४५,४७४.६७ | ५,१९,०३,०००.०० | | १४,९४,४८,४७४.६७ | ८,३१,०७,४५९.०५ | ८,३१,०७,४५९.०५ |
| **कुल जम्मा (चालु तथा पूँजीगत खर्च)** | | १३,०९,१५,४७४.६७ | १३,०९,१५,४७४.६७ | ५,१९,०३,०००.०० | १,८५,००,०००.०० | १६,४३,१८,४७४.६७ | ८,३९,३५,७०७.०५ | ८,३९,३५,७०७.०५ |

# ५ आयोगले सामना गर्नुपरेका चुनौती तथा समस्याहरु

आयोगले आफ्नो ५ वर्षे सञ्चालन अवधिका क्रममा विभिन्न चुनौती तथा समस्याहरु सामना गरेको छ।

## ५.१ कर्मचारीको नियुक्ति तथा व्यवस्थापन

आयोगद्वारा नेपाल सरकारबाट कार्तिक २०७७ मा आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन बमोजिमका कर्मचारीहरूको दरबन्दी स्वीकृति पाइसकेको छ। दरबन्दी स्वीकृत भएपश्चात् कर्मचारी प्रशासन सम्बन्धी विनियमावली, २०७८ अर्थ मन्त्रालयको स्वीकृतिको लागि २०७८ आषाढमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा पठाइएको र त्यस सम्बन्धमा धेरै पटक छलफल भएको थियो। तर उक्त विनियमावलीका केही विषयमा पुनरावलोकन गर्नुपर्ने सुझाव लोक सेवा आयोगबाट आएकाले मन्त्रालयसंगको समन्वयमा पुनरावलोकन गरी पुन: पेश गर्ने योजना अनुरुप कार्य भइरहेको छ। मन्त्रालयबाट सहमति प्राप्त भएपश्चात उक्त विनियमावली स्वीकृतिको लागि अर्थ मन्त्रालय पुग्नेछ। अर्थ मन्त्रालयबाट स्वीकृति पश्चात् मात्र आयोगको स्थायी कर्मचारी नियुक्तिको प्रक्रिया गतिले अघि बढ्नेछ। यसरी, स्थापनाको पाँच वर्ष पुरा भए तापनि आयोगमा हालसम्म कर्मचारीको नियुक्ति सम्बन्धी कार्य पूरा हुन सकेको छैन।

आयोगका आफ्ना कर्मचारी नियुक्ति भइनसकेकोले कानूनी व्यवस्था बमोजिम मन्त्रालय तथा विद्युत विकास विभागबाट आ.व. २०७९/८० मा एघार (११) जना कर्मचारीहरू काजको रुपमा आयोगमा कार्यरत रहेको तथा करार सेवामा कम्प्यूटर अपरेटर, ह.स.चा. तथा का.स. गरी जम्मा अठार (१८) जना कर्मचारीहरु कार्यरत रहेका छन्। पर्याप्त संख्यामा कर्मचारी नहुनाले आयोगद्वारा कतिपय अवस्थामा दैनिक कार्य गर्नमा समेत कठिनाइ हुनुका साथै ऐन तथा नियमावलीले निर्दिष्ट गरेको दायित्व समेत अनुपालन गर्न समस्या भोग्नुपरेको छ।

## ५.२ विद्युत क्षेत्रको समग्र विकासका लागि समयानुकुल नीतिको कमी

आयोगको स्वतन्त्र रुपमा नियामकीय गतिविधिहरु सञ्चालन गर्ने अधिकार भए तापनि नियामकका गतिविधिहरु सरकारका नीति एवम् कार्यक्रमहरुले तय गरेका लक्ष्य प्राप्ति गर्न केन्द्रित हुनु पर्ने भएकाले आयोगका नियामक गतिविधिहरु नेपाल सरकारले तय गरेका लक्ष्य प्राप्तिका लागि सहायक हुनु पर्दछ। नेपालमा विद्युत क्षेत्र केन्द्रित स्पष्ट नीति एवम् खाकाको कमी भएकाले कतिपय विषयमा आयोगले लिने दिशा स्पष्ट नभएको र भविष्यमा बन्ने नीति र नियामकीय व्यवस्थामा तादम्यता नहुने समस्या हुन सक्दछ। उपभोक्ता विद्युत महसुल, विद्युत क्षेत्र सुधार तथा विद्युत व्यापार विषयमा सरकारले समयानुकुल नीति नभएका कारण थुप्रै जिम्मेवारीहरु मध्ये कस्ता गतिविधिहरुलाई प्राथमिकीकरण गर्ने तथा कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा कठिनाई रहेको छ।

## ५.३ स्रोत-साधनको प्रयोगमा समस्या

आयोगको स्थापना भएको पाँच वर्ष पूरा भए तापनि आवश्यक स्रोत साधनमा कमीका कारण आयोग पूर्ण रुपले आफ्नो नियामकीय जिम्मेवारी वहन गर्न सकेको छैन । स्थापनादेखि हालसम्म विद्युत विकास विभागबाट स्रोत साधनको उपलब्धताको सवालमा धेरै सहयोग प्राप्त भएको र त्यसका लागि आयोग निकै आभारी भए पनि आयोगको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७८ उपर मन्त्रालय एवम् अर्थ मन्त्रालयको स्वीकृति प्राप्त नभएको हुँदा आवश्यकता अनुरुप उपलब्ध वित्तीय स्रोतको उपभोग तथा अन्य साधनहरुको खरिद, प्राप्ति, विनियोजन एवं प्रयोग आवश्यकता अनुरुप हुन सकेको छैन।

## ५.४ कानूनी जटिलताहरु

आयोगको कार्यसञ्चालनलाई थप सशक्त बनाउन विद्युत नियमन आयोग ऐन, २०७४ संग बाझिने केहि कानूनहरु जस्तै नेपाल विद्युत प्राधिकरण ऐन, विद्युत ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायतका कानुनहरु परिमार्जन गर्नु पर्ने देखिन्छ। साथै, भविष्यमा निर्माण गरिने केही कानूनहरु समेत विद्युत नियमनसम्बन्धी सैद्धान्तिक विषय एवम् विद्युत नियमन आयोग ऐन, २०७४ को मर्मलाई समेत आत्मसात् गरी निर्माण गर्नु पर्ने देखिन्छ।

# ६ विद्युत क्षेत्र सुधारका सम्बन्धमा आयोगको धारणा तथा अपेक्षा

## ६.१ नीतिगत सुझाव

### ६.१.१ विद्युतीय प्रणालीमा खुल्ला पहुँच (Open Access) सम्बन्धमा आयोगको क्षेत्राधिकार हटाउन नहुने

हाल नेपालको सङ्घीय संसदमा विचाराधीन विद्युत विधेयक, २०८० ले विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १४ (ञ) ले आयोगलाई प्रदान गरेको "विद्युतीय प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने" जिम्मेवारीलाई आयोगको ऐनबाट हटाउने प्रस्ताव गरेको छ । खुल्ला पहुँच विद्युत क्षेत्रमा प्रतिस्पर्धा वृद्धि गर्नका लागि अपरिहार्य हुन्छ । यसका साथै, विद्युतको थोक एवम् खुद्रा प्रतिस्पर्धा (Wholesale and Retail Competition) कार्यान्वयन गर्न खुल्ला पहुँचको ठुलो भूमिका रहन्छ । विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउने जिम्मेवारी आयोगलाई प्राप्त भएकोमा उक्त जिम्मेवारी पूर्ति गर्ने माध्यमको रुपमा रहने खुल्ला पहुँचको व्यवस्था एवम् नियमन गर्ने जिम्मेवारी यथावत् राख्नु पर्ने हुन्छ । भारतको विद्युत ऐन, २००३[१] दफा (२) को उपदफा (४७) ले खुल्ला पहुँच नियमन गर्न सम्बन्धित आयोगले नै नियामकीय उपकरण जारी गर्ने व्यवस्था गरेको छ । यसरी, खुल्ला पहुँच नियमन गर्ने अधिकार विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहनाले आयोगले विद्युत नियमन आयोग ऐनको मर्म अनुरुप विद्युत क्षेत्रमा प्रतिष्पर्धाको प्रवर्द्वन गर्न सक्दछ । तसर्थ, विद्युत विधेयक, २०८० मा आयोगको क्षेत्राधिकार कटौती गर्ने सम्बन्धी यो विषय हटाउन आवश्यक देखिन्छ ।

### ६.१.२ न्यूनतम लागत विस्तार कार्ययोजना (Least Cost Expansion Plan) कार्यान्वयन गर्ने सम्बन्धमा आयोगको भूमिका कायम राख्नु पर्ने

विचाराधीन विद्युत विधेयक, २०८० ले विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ (च) ले आयोगलाई प्रदान गरेको "विद्युत सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तार कार्ययोजना बनाई कार्यान्वयन गर्ने वा गर्न लगाउने" अधिकार आयोगको ऐनबाट हटाउने प्रस्ताव गरेको छ । विद्युतको आन्तरिक माग र आपुर्तिको लागि न्युनतम लागत विस्तार कार्ययोजना बनाई कार्यान्वयन गर्ने र गराउने अधिकार प्रत्यक्ष रुपमा विद्युत नियमन आयोग ऐन, २०७४ को प्रस्तावनामा विद्युतको माग र आपुर्तिमा सन्तुलन कायम गर्ने उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय अभ्यासहरुका सम्बन्धमा, बङ्गलादेश ऊर्जा नियमन आयोग ऐन, २००३ को दफा ५९[२] ले त्यहाँको बङ्गलादेश ऊर्जा नियमन आयोगलाई न्युनतम लागतमा ऊर्जा उत्पादनलाई प्राथमिकता दिने सम्बन्धी नियामकीय उपकरण निर्माण गर्न सक्ने अधिकार दिएको छ । त्यसै गरी पाकिस्तानको विद्युतीय ऊर्जाको उत्पादन, प्रसारण तथा वितरणको नियमन सम्बन्धी ऐन, १९९७[३] ले सुरक्षित, विश्वसनीय एवम् सुपथ उत्पादन, प्रसारण र वितरण संरचनाहरुको योजनाको मापदण्ड निर्माण गर्ने जिम्मवारी त्यहाँको विद्युत क्षेत्रको नियामक निकाय, राष्ट्रिय विद्युतीय ऊर्जा नियामक प्राधिकरण (नेप्रा) लाई दिएको छ ।

विद्युतको आन्तरिक माग कति हुन्छ भन्ने प्रक्षेपण गर्ने र गराउने र त्यसै मागलाई पूर्ति गर्ने विद्युतको उत्पादन यथाशक्य सुपथ तथा दिगो रुपमा सुनिश्चित कसरी गर्ने भन्ने अधिकार आयोगलाई नभए तात्विक फरक पार्न सक्ने गरी आयोगले विद्युत क्षेत्रको नियमन गर्न सक्दैन । यसले आयोगलाई विद्युतको दरमा प्रभाव पर्ने तत्वहरु (Factors) मा नियन्त्रण गर्न नसक्ने अवस्था सिर्जना गर्दछ र यसले गर्दा विद्युत नियमन आयोग साबिकको विद्युत महसुल निर्धारण आयोग सरह केवल महसुल दर निर्धारण गर्न सक्ने निकायमा परिणत हुने डर हुन्छ । तसर्थ, विद्युत विधेयक, २०८० बाट विद्युत नियमन आयोगको क्षेत्राधिकारमा गम्भीर प्रभाव पार्ने प्रस्तावलाई हटाउन आवश्यक देखिन्छ ।

---

[१] https://www.cercind.gov.in/Act-with-amendment.pdf

[२] https://policy.asiapacificenergy.org/sites/default/files/berc_act_2003_English.pdf

[३]https://nepra.org.pk/Legislation/1Act/2022/1.%20
[Updated]%20NEPRA%20Act%20All%20Amendments%20incorporated%20upto%20december%202021.pdf

### ६.१.३ आयोगलाई विद्युत प्रसारण र वितरण अनुमतिपत्र प्रदान गर्ने अधिकार दिन उपयुक्त हुने

विद्युत सम्बन्धी व्यवसायको अनुमतिपत्र नियामक निकायले नै प्रदान गर्नु अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । उदाहरणका लागि, भारतको विद्युत ऐन, २००३ को दफा १४ ले भारतको केन्द्रिय विद्युत विनियामक आयोग तथा प्रादेशिक विद्युत विनियामक आयोगले विद्युत प्रसारण, वितरण एवम् व्यापार अनुमतिपत्र प्रदान गर्ने व्यवस्था गरेको छ । त्यसै गरी, बङ्गलादेश ऊर्जा नियमन आयोग ऐन, २००३ को दफा २२ (ग) र पाकिस्तानको विद्युतीय ऊर्जाको उत्पादन, प्रसारण तथा वितरणको नियमनसम्बन्धी ऐन, १९९७ को दफा ७ (२) (क) ले समेत सम्बन्धित देशका विद्युत नियामक निकायहरुलाई अनुमतिपत्र प्रदान गर्ने अधिकार दिएको छ । यद्यपी, नेपालमा विद्युत नियमन आयोगलाई अनुमतिपत्र जारी गर्ने अधिकार छैन । अनुमतिपत्र जारी गर्ने अधिकार नभएको अवस्थामा आयोगले अनुमतिपत्रमा उल्लेखित आधार तथा शर्तहरु नियमन गर्न सक्दैन जसका कारण जुन ध्येयले नियामक निकायको परिकल्पना गरिएको हुन्छ त्यो पुरा हुन सक्दैन । यसका अतिरिक्त, नियामकले आवश्यक परेको अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र खारेजी गर्न नसक्ने हुँदा र नियामक निकायको निर्देशिका, निर्णय एवम् आदेश पालना समेत नहुँदा नियामकले चाल्न सक्ने कदमहरु समेत सिमित रहन्छन् । तसर्थ, अनुमतिपत्र प्रदान गर्न सक्ने अधिकार आयोगलाई सुम्पिन सके विद्युत नियमन आयोगले सशक्त रुपमा विद्युत क्षेत्रको नियमन गर्न सक्नेछ ।

यद्यपी, नेपाल विद्युत उत्पादनका लागि मुलतः जलविद्युतमा निर्भर रहेको छ र जलविद्युत जलको प्रयोग सम्बन्धी जोडिएको विषय प्राकृतिक श्रोत संगको पनि हो । जल प्रयोगबारे नेपालको संविधानले समेत केही सैद्धान्तिक व्यवस्थाहरु गरेको छ । तसर्थ, संविधानको मर्मलाई समेत बुझेर अघि बढ्नुपर्ने भएकाले सुरुवाती चरणमा विद्युतको प्रसारण तथा वितरण अनुमतिपत्र आयोगले दिन सक्ने व्यवस्था गर्न सके अन्तर्राष्ट्रिय उत्कृष्ट पद्दतिसंग मिल्दो जुल्दो हुने र नियमन प्रक्रिया समेत सरल बनाउन मद्दत गर्नेछ । यसका साथै सरकार र संसद नियामक निकायलाई अनुमतिपत्र प्रदान गर्ने अधिकार दिने दिशामा अगाडी बढ्दा विद्युत क्षेत्रमा सकारात्मक सन्देश जाने र अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वास जित्न सकिन्छ ।

### ६.१.४ विद्युत व्यापार तथा प्रणालीमा निजी क्षेत्रलाई समेत संलग्न गराउन उपयुक्त हुने

सामान्यतया, विद्युत विकासको सुरुवाती चरणमा राज्यले नै जनतालाई विद्युत प्रदान गर्ने दायित्व लिएको हुन्छ । यस किसिमको अभ्यासले राज्य नियन्त्रित विद्युतको उत्पादन, वितरण तथा प्रसारण गर्ने एक संस्थाको विकास हुने गर्छ । वर्तमान अवस्थामा, नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) राज्यको विद्युतको एकल खरिदकर्ताको रुपमा रहेको छ। नेपालमा हरेक विद्युत आयोजनाहरुले ने.वि.प्रा. संग विद्युत खरिद बिक्री सम्झौता गरी ने.वि.प्रा. लाई विद्युत बिक्री गर्ने गर्दछन् । ने.वि.प्रा. ले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २० (१) अनुरुप विद्युत उत्पादकहरुबाट विद्युत खरिद गर्न सक्ने व्यवस्था छ । हालसम्म विद्युत क्षेत्रको विकासको लागि एकल खरिदकर्ताको मोडलले ठूलो भूमिका खेले पनि आगामी दिनमा यसको विकल्प आवश्यक देखिन्छ। नेपाल विद्युत प्राधिकरणले आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म ६,४०० मे.वा. का आयोजनाहरुसंग विद्युत खरिद बिक्री सम्झौता गरिसकेको छ । यद्दपी, नेपालको विद्युत उत्पादनको जडित क्षमता ३,१५७ मे.वा. रहेको र पिक डिमाण्ड २,२१२ मे.वा. मात्र रहेको छ। यस अर्थमा भविष्यमा नेपाल विद्युत प्राधिकरणले मात्र विद्युत खरिद गर्ने सिलसिला चलिरहे उपभोक्तालाई बिक्री गर्ने विद्युत भन्दा अधिक मात्रामा विद्युत खरिद गर्नेछ । तत्कालका लागि नेपालले छिमेकी राष्ट्रहरुमा राम्रो मूल्यमा विद्युत बिक्री गरिरहेको भए तापनि ५.६५ लाख भन्दा बढी विद्युत उपभोक्तालाई विद्युत बिक्री गर्ने ने.वि.प्रा. लाई अधिक विद्युत खरिद बिक्री सम्झौताबाट सिर्जना हुने दायित्वले वित्तीय जोखिममा पार्न सक्ने देखिन्छ। जसले गर्दा प्राधिकरणको उपभोक्तालाई पर्याप्त मात्रामा गुणस्तरीय, भरपर्दो एवम् सुपथ मुल्यको विद्युत आपुर्ति दिन सक्ने क्षमता समेत प्रभावित हुन्छ । तसर्थ, प्राधिकरण बाहेक अन्य निकायहरुले विद्युत खरिद गरी बिक्री गर्न सक्ने व्यवस्था गर्न व्यापार अनुमतिपत्र दिने व्यवस्था यथाशिघ्र गर्न जरुरी छ ।

हालको परिस्थितिलाई मध्यनजर गर्ने हो भने ने.वि.प्रा. का विभिन्न कार्यगत अङ्गहरुलाई छुट्टा-छुट्टै निकायको रुपमा स्थापना गरी खुल्ला पहुँच तथा प्रतिस्पर्धा सिर्जना गर्नु पर्ने अवस्था रहेको छ। यस किसिमको योजना बमोजिम राज्यले नीति अवलम्बन गर्दा विद्युत उत्पादकहरु र विद्युत उपभोक्ताले आफुले चाहेको समय र सर्वशुलभ मूल्यमा विद्युत खरिद वा बिक्री गर्न सक्ने वातावरण सिर्जित हुन्छ। खुल्ला पहुँचको व्यवस्था लागु गर्नु पुर्व, यसको बाधा रहित कार्यान्वयनका निमित्त राज्यले सुरुवाती चरणमा देहाय बमोजिमका कदम उठाउनु अत्यन्तै अपरिहार्य देखिन्छ :

१. ने.वि.प्रा. को एकल प्रणालीबाट प्रसारण तथा वितरण प्रणालीलाई अलग गर्ने : खुल्ला पहुँचको प्रभावकारी कार्यान्वयनका निमित्त प्रसारण तथा वितरण प्रणालीलाई अलग गरी प्रसारण दस्तुर तोक्ने, प्रसारण तथा वितरणमा चुहावटका सम्बन्धमा तथ्यांक यकिन गर्ने लगायतका कार्यहरु गर्नुपर्ने,
२. मिटरिङ सम्बन्धी व्यवस्था गर्ने : विद्युतको खरिद बिक्री लगायतको कार्य गर्ने सम्पूर्ण निकायहरुको कारोबार तथ्यांक यकिन गर्न प्रचलनमा रहेको पुरानो मिटरलाई प्रतिस्थापन गर्नुपर्ने देखिन्छ । यस किसिमको मिटरले आधा-आधा घण्टा वा सो भन्दा कम समयको कारोबार अभिलेख गर्ने तथा प्रणालीगत Deviation Account गणना गर्न सक्नुपर्छ ।
३. खुल्ला पहुँचको सहज कार्यान्वयनका लागि नोडल निकाय तोक्नु पर्ने, आदि ।

### ६.१.५ विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना, २०८०

नेपाल सरकारद्वारा स्वच्छ विद्युतीय उर्जाको प्रचुर मात्रामा उत्पादन तथा उपयोग गरी परम्परागत तथा खनिज ऊर्जाको अधिकतम मागलाई प्रतिस्थापन गर्न तयार गरिएको विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना, २०८० ले स्वच्छ विद्युतीय ऊर्जाको खपतलाई बढावा दिई खनिज ऊर्जाको खपतलाई न्यूनीकरण र परम्परागत तथा खनिज ऊर्जाको निर्भरता घटाई कार्बन उत्सर्जनमा समेत कमि ल्याई २०४५ सम्म कुल शुन्य कार्बन उत्सर्जनको लक्ष्य समेत प्राप्त गर्ने लक्ष्य लिएको छ ।

सोही कार्ययोजनाद्वारा ग्राहस्थ उपभोक्तामा मौसम अनुसारको फरक महसुल (Seasonal Tariff) लागु गर्ने, खानेपानी तथा सिंचाईको विद्युत महसुलमा सहुलियत प्रदान गर्ने, विद्युतीय ऊर्जाको गुणस्तर र विश्वसनीयता थप सुदृढ गर्ने लगायतको जिम्मेवारी आयोगलाई प्रदान गरेको छ । उक्त कार्ययोजना अन्तर्गत तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न आयोगलाई सशक्त बनाउनुका साथै विद्युत क्षेत्रको समग्र विकासका लागी उल्लेख गरिएका गतिविधिहरु कार्यान्वयन गर्न सहज हुनेछ ।

### ६.१.६ पूर्वाधार नियमनका लागि दक्षिण एसियाली मञ्च (साफिर) को सदस्यताका सम्बन्धमा

विद्युत नियमन आयोग केही बर्ष यता पूर्वाधार नियमनका लागि दक्षिण एसियाली मञ्च (South Asia Forum for Infrastructure Regulation - SAFIR) को सदस्यता प्राप्त गर्ने प्रक्रियामा रहेको छ । अन्य देशका नियामक निकायहरुसंग नियमन सम्बन्धी अनुभव साटासाट गर्दै नियमन सम्बन्धी उत्कृष्ट अभ्यासहरु अपनाउन तथा विद्युत क्षेत्रको नियमन सम्बन्धी विज्ञता एवम् क्षमता विस्तारका लागि साफिरको सदस्यता विद्युत नियमन आयोगको लागि महत्वपूर्ण हुनेछ ।

यस पुर्व तत्कालिन विद्युत महसुल निर्धारण आयोगले नेपाल सरकारको स्वीकृतिमा SAFIR को सदस्यता प्राप्त गरेको थियो । तथापी, नयाँ आयोगको गठनसंगै पुनः SAFIR को सदस्यता लिने प्रयोजनका निमित्त यस आयोगबाट ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमार्फत नेपाल सरकारलाई अनुरोध गरिएकोमा हालसम्म स्वीकृतिको विषयमा कुनै प्रकारको अन्तिम निर्णय भएको अवस्था छैन ।

यद्यपी, SAFIR स्थापना पश्चात् यसको सञ्चालनका निमित्त तयार गरिएको प्रबन्ध पत्रमा हस्ताक्षर गर्ने पहिलो दुई सदस्यहरुमा भारत सरकारको केन्द्रीय विद्युत नियामक आयोग र नेपाल सरकारको पानी आपूर्ति महसुल निर्धारण आयोग रहेका छन् । तसर्थ, SAFIR को सदस्यताका निमित्त ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष पहल हुनु पर्ने । सो सदस्यता आयोगलाई प्राप्त भएमा नेपाल सरकारलाई निम्न बमोजिम फाइदा हुनेः

१. विद्युत क्षेत्र सुधारका निमित्त आवश्यक पर्ने विभिन्न नियामकीय अभ्यासका सम्बन्धमा आवश्यक जानकारीका साथै विभिन्न राज्यका नियामकहरुको अनुभव आदान प्रदान समेत हुने,
२. नियामकहरु क्षमता वृद्धि तथा नियामकीय क्षेत्रमा उत्तम अभ्यास तथा विज्ञता आदान प्रदान हुँदा राष्ट्रको मानव संसाधनको क्षमता वृद्धि तथा सीप हस्तान्तरण हुने ।

### ६.१.७ विद्युतको महसुल नीति (Tariff Policy) का सम्बन्धमा

सामाजिक, आर्थिक तथा पर्यावरणीय प्रभावका आधारमा विद्युत अत्यन्तै आवश्यक वस्तु रहेको छ । विद्युत महसुलले आर्थिक, सामाजिक तथा आम जनतामा प्रत्यक्ष प्रभाव पर्ने हुँदा नेपाल सरकारद्वारा न्यायोचित, सन्तुलित तथा सान्दर्भिक

विद्युत महसुल नीति निर्माण गर्नु पर्ने आवश्यकता सिर्जना भएको छ । यस नीति मार्फत नेपाल सरकारले उपलब्ध स्रोतको सम्बर्द्धन गर्दै बहुउपयोगी तथा दिगो प्रयोग गरी सामाजिक तथा आर्थिक रुपान्तरण समेत हासिल गर्न सक्दछ । उपयुक्त तवरले निर्माण गरिएको महसुल नीतिले विद्युतको समन्यायिक, बहुआयामिक तथा दिगो विकासमा सहयोग पुर्याउन सहयोग गर्दछ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा, केन्द्रीय सरकारद्वारा महसुललाई नियमित, भरपर्दो तथा सर्वशुलभ बनाउने हेतु विद्युत महसुल नीति लागु गरेको हुन्छ जसअन्तर्गत रही आयोगद्वारा महसुल निर्धारण गर्ने गरिन्छ । विद्युत क्षेत्रमा आवश्यक लगानी जुटाउनुका साथै लगानीमा उचित प्रतिफल समेत दिनुपर्ने र आम उपभोक्तालाई समेत उचित तथा सर्वशुलभ विद्युत प्रवाह गर्नु पर्ने लक्ष्य आत्मसात गरेको देखिन्छ ।

तसर्थ, वर्तमान परिप्रेक्ष्यमा विद्युत बजार अझ विस्तार भइरहेको अवस्थामा सरकारद्वारा विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारका सम्बन्धमा एकीकृत महसुल नीति लागु गर्ने उपयुक्त समय रहेको छ । यस नीति मार्फत सरकारद्वारा विद्युत व्यवसायमा लगानी प्रवर्द्धन गर्नका निमित्त त्यस प्रकारका सँस्थाहरुको वित्तीय तथा लागत सुनिश्चितता, निम्न तथा कमजोर आय भएका उपभोक्ताको संरक्षण, ऊर्जा दक्षता, कुल जडित ऊर्जामा नविकरणीय तथा हरित ऊर्जा मिश्रणको योगदान लगायतका विषय सम्बोधन गर्नु आवश्यक छ । यस प्रकारको नीतिद्वारा नेपाल सरकारलाई निम्न बमोजिमका फाइदा हुने देखिन्छ :

१. सर्वशुलभ ऊर्जा उपभोगमा सम्पूर्ण विद्युत उपभोक्ताको अधिकार सुनिश्चित हुने,
२. विद्युतको बजारमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना भई राष्ट्रले आर्थिक वृद्धि तथा सन्तुलन प्राप्त गर्ने,
३. सेवा प्रदायकको वित्तीय जोखिम न्यूनीकरण तथा लागत उठ्ने (Financial Risk Minimization and Cost Recovery) सुनिश्चित हुने,
४. राज्यको कुल उर्जा योगदानमा हरित तथा नविकरणीय उर्जा मिश्रण सुनिश्चित हुनुका साथै,
५. आर्थिक तथा सामाजिक हितको सन्तुलन हुने ।

### ६.१.८ विद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौता अवधि पश्चात् हुने शेयर सम्बन्धी व्यवस्था

प्राकृतिक स्रोत साधनले भरिपुर्ण देश नेपालमा जलविद्युतबाट मात्रै ८३,००० मे.वा. क्षमता उत्पादन हुनसक्ने आंकलन विगतमा भए तापनि हाल प्रविधिमा भएको व्यापक वैज्ञानिक विकासका सन्दर्भमा सो क्षमता अझै बढ्ने स्पष्ट छ । त्यस्तै, जलविद्युत बाहेक नेपालमा सौर्य तथा वायु उर्जाको पनि व्यापक सम्भावना रहेको Energy Synopsis Report, 2024 ले समेत दर्साएको छ । नेपाल विद्युत प्राधिकरणको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदनअनुसार नेपालको कुल उर्जा सम्मिश्रणमा सौर्य उर्जाको १,०६,९४० कि.वा. योगदान रहेको देखिन्छ । नेपाल धितोपत्र बोर्डको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनअनुसार धितोपत्र बजारमा ३५ वटा जलविद्युत कम्पनी सुचिकृत भई दैनिक रुपमा कारोबार भइरहेको देखिन्छ । आ.व. २०८०/८१ मा यो संख्या अझै बढ्ने तथ्यांकले दर्साएको छ । यस प्रकारका ऊर्जा परियोजना विशेष गरी जलविद्युत परियोजनाहरु बनाउन धेरै लगानी आवश्यक हुने र निर्माण अवधि समेत धेरै लामो हुने भएकोले हाल धेरै यस्ता परियोजनाले सार्वजनिक लगानी (Public Financing) जस्तै सार्वजनिक निष्काशन (Initial Public Offering - IPO, Right Shares, Further Public Offering - FPO, Debentures) जस्ता माध्यम प्रयोग गरी लगानी जुटाउन पुँजी बजारमा निर्भर हुन थालेको देखिन्छ । प्रचलित विद्युत ऐन, २०४९ बमोजिम विद्युत आयोजनाहरूको उत्पादन अवधि समाप्त भएपश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरिएको छ । तथापि, सो आयोजना हस्तान्तरण भएपश्चात् आयोजनामा लगानी गरेका लगानीकर्ताहरुको शेयर सम्बन्धमा अन्योलता रहेको छ ।

हाल, आयोगद्वारा ऐन तथा नियमावलीमा निर्दिष्ट कानूनी व्यवस्थाका अधिनमा रही विद्युत क्षेत्रको नियामकको रुपमा यस्ता परियोजनाका सार्वजनिक निष्काशनहरुको पूर्वस्वीकृति प्रदान गर्दै आइरहेको छ । सार्वजनिक धितोपत्र निष्काशनका निमित्त आयोगद्वारा विभिन्न समयमा नियामकीय उपकरणहरु तर्जुमा गरी लागु गरेको भए तापनि आयोजना हस्तान्तरण पश्चातको शेयर सम्बन्धी व्यवस्था, आयोजनाहरुको ऋण सम्बन्धी दायित्व, वित्तीय लागत तथा जोखिम, निर्माण जोखिम तथा सम्पन्नता, सार्वजनिक निष्काशनका सम्बन्धमा त्यस्ता आयोजनाहरुको लगानीकर्ता तथा उपभोक्ताप्रतिको जवाफदेहिता र पारदर्शिताका मापदण्ड लगायतका विषय समेटी सरकारद्वारा विद्युत नियमन आयोग, स्वतन्त्र ऊर्जा उत्पादकहरुको संघ तथा अन्य सरोकारवालाको समन्वयमा ऊर्जा आयोजनाहरुको धितोपत्र सम्बन्धी नीति तर्जुमा गरी लागु गर्ने उपयुक्त समय रहेको छ ।

त्यसैगरी आयोगले विद्युत सम्बन्धी प्राविधिक विषयहरुमा बढी समय तथा ध्यान केन्द्रित गर्नुपर्ने रहेकाले शेयर संरचना परिवर्तन तथा शेयर निष्काशन जस्ता विषयमा कम्पनी ऐन, २०६३, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र निष्काशन सम्बन्धी नियामवली तथा निर्देशिका, र विद्युत नियमन आयोग ऐन, २०७४, विद्युत नियमन आयोग नियमावली २०७५ तथा शेयर निष्काशन सम्बन्धी निर्देशिकाहरु बिच देखिएका नियामकीय प्रावधानहरुको दोहोरोपन हटाउँदै विद्युत प्रवर्द्धक संस्थाहरुलाई सहजता प्रदान गर्न आवश्यक देखिन्छ ।

### ६.१.९ विद्युत प्रसारण सेवा सम्बन्धी महशुलमा आधारित प्रतिष्पर्धात्मक बोलपत्र मापदण्ड (Tariff Based Competitive Bidding Guideline for Transmission Service) को व्यवस्था

यस मापदण्डको मुख्य उद्देश्य महशुलमा आधारित प्रतिष्पर्धात्मक बोलपत्रको प्रक्रिया मार्फत प्रसारण शुल्क निर्धारण गरी नेपालको प्रसारण प्रणालीको विकासलाई गति दिनु हो । विद्युत नियमन आयोग ऐन, २०७४ को मर्म अनुरुप तथा अन्तर्राष्ट्रिय अभ्यासलाई मध्यनजर गर्दा आयोगले प्रतिष्पर्धात्मक वातावरणको सिर्जना गर्नुपर्दछ । साथै प्रसारण पूर्वाधार विकासमा निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्दै उपभोक्ताहरुका लागि उचित मूल्य सुनिश्चित पनि गर्नुपर्दछ । गुणस्तरीय, भरपर्दो तथा सर्वसुलभ प्रसारण सेवाको सुनिश्चितताका लागि निष्पक्ष तवरले मापदण्ड निर्माण गर्नुपर्ने रहेकाले आयोगले नै भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

## ६.२ मन्त्रालयसंग सहयोगको अपेक्षा

### (क) आयोगको "कर्मचारी प्रशासन सम्बन्धी विनियमावली" तथा "आर्थिक प्रशासन सम्बन्धी विनियमावली" का सम्बन्धमा

आयोगलाई ऐनले निर्दिष्ट गरेका जिम्मेवारीहरु कुशलतापूर्वक बहन गर्न आवश्यक स्रोत साधन मध्ये जनसंसाधन प्रमुख हो । यद्यपी, "कर्मचारी प्रशासन सम्बन्धी विनियमावली" स्वीकृत हुन नसकेकाले आयोगले आफ्ना स्थायी कर्मचारी नियुक्ति गरी आयोगको सुसञ्चालनका हेतु तिनको क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गर्न सकेको छैन । तसर्थ, आयोगको कार्यसञ्चालनलाई सशक्त बनाउन आयोगको "कर्मचारी प्रशासन सम्बन्धी विनियमावली" अर्थ मन्त्रालयबाट स्वीकृत गराउनका लागि आवश्यक पहल गर्न अनुरोध गरिन्छ । यसका साथै, विद्युत नियमन आयोगको "आर्थिक प्रशासन सम्बन्धी विनियमावली" अर्थ मन्त्रालयबाट स्वीकृत गराउनको निम्ति आवश्यक पहल गर्न पनि अनुरोध गरिन्छ ।

### (ख) विद्यमान विद्युत नियमन सम्बन्धी नीति तथा कानूनहरुमा सामन्ज्यस्यता ल्याउने सम्बन्धमा

विद्युत नियमन आयोग ऐन, २०७४, नेपाल विद्युत प्राधिकरण ऐन, २०४१, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ एवम् विद्युत चोरी नियन्त्रण ऐन, २०५८ का बीचमा विवाद समाधान (मुद्दाको सुरु किनारा) तथा विद्युत सेवा बन्द गर्न सक्ने अवस्थाहरु, आदि जस्ता विषयमा विरोधाभाष रहेकाले तिनका प्रावधानमा सामन्ज्यस्यता ल्याउन आवश्यक पुनरावलोकन गर्नु पर्ने देखिन्छ ।

# ७ निष्कर्ष


विद्युत क्षेत्रको नियामकको रुपमा रहेको विद्युत नियमन आयोगको विद्युत क्षेत्रको विकासमा केन्द्रिय भूमिका रहेको छ । नियामकको रुपमा आयोगलाई विद्युत क्षेत्रको प्राविधिक पक्षको व्यवस्थापन गर्ने, विभिन्न अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गर्ने दर निर्धारणका आधारहरु तोकी दर निर्धारण गर्ने, उपभोक्ता हित संरक्षण गर्ने, प्रतिष्पर्धाको प्रवर्द्धन गर्ने, अनुमतिप्राप्त व्यक्तिको क्षमता विकास एवम् संस्थागत सुशासन कायम गर्ने, विवाद समाधान गर्ने, आदि जस्ता गहन भूमिकाहरु विद्युत नियमन आयोग ऐन, २०७४ ले आयोगलाई दिएको छ । स्थापनाका पाँच बर्ष पूरा गरेको आयोगका विगतका वर्षहरुमा आयोगले विभिन्न चुनौतीहरुको सामना गरेको छ भने विभिन्न सिकाई पनि प्राप्त गरेको छ । विगत ५ बर्षमा प्राप्त गरेका सिकाईहरु आयोगका आगामी दिनको कार्यसञ्चालनका लागि रणनीतिक महत्वका रहेका छन् । आयोगले उल्लेखित जिम्मेवारी पूर्ति गर्न केही नियामकीय उपकरणहरु जारी गरी सकेको छ भने केही नियामकीय उपकरणहरु छलफलको तयारीमा रहेका छन् । विगतमा जारी गरिएका उपकरणहरुमध्ये पनि अधिकांशलाई पुनरावलोकन गरी समयानुकुलरुपमा परिमार्जन गर्दै लैजानु पर्ने आवश्यकता देखिएको छ ।

आयोगले गर्नु पर्ने गतिविधिहरु तीन विधा, अर्थात्, आन्तरिक व्यवस्थापन, नियमन र अर्धन्यायिक जिम्मेवारीमा वर्गीकरण गर्न सकिन्छ । आन्तरिक व्यवस्थापन अन्तर्गत स्थायी कर्मचारीको नियुक्ति, आन्तरिक प्राविधिक क्षमताको विकास, ज्ञान व्यवस्थापन (Knowledge Management) तथा संस्थागत स्मृति (Institutional Memory) को प्रवर्द्धन, पारदर्शिता एवम् जवाफदेहिताको वृद्धि, आदि सम्बन्धी कार्यहरु गर्नु पर्ने आवश्यकता रहेको छ भने नियामकीय जिम्मेवारी अन्तर्गत अनुमतिपत्र प्राप्त व्यक्तिहरु र विद्युत उपभोक्ताहरुको हितलाई सन्तुलन गर्ने एक सशक्त तथा सक्षम नियामकीय प्रणालीको विकास गर्नु पर्ने आवश्यकता पनि रहेको छ । त्यसै गरी, आयोग विद्युत सम्बन्धी विवाद समाधान गर्ने एक अर्धन्यायिक निकाय पनि भएकाले सरोकारवालाहरु माभ्र एक विश्वसनीय निकायको रुपमा स्थापित भई विद्युत सम्बन्धी विवादहरुको छिटो, छरितो र न्यायोचित निरोपण गर्ने जिम्मेवारी आयोगलाई प्राप्त छ । हालको स्थिति मुल्याङ्कन गर्दा तीनै विधामा थप कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

आयोगलाई संस्थागत रुपमा सशक्त बनाई स्वायत्त एवम् निष्पक्ष नियामकीय निकायको रुपमा खडा गराउन आयोगले ५ बर्षे मार्गचित्र निर्माण गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ ।

# अनुसूची

## अनुसूची १: विद्युत नियमन आयोगद्वारा प्रस्तावित सङ्गठनात्मक संरचना




**नोटः**

- विद्युत नियमन आयोगको सङ्गठन संरचनाका लागि आवश्यक आर्थिक दायित्व आयोगको आफ्नै आयस्रोतबाट व्यवस्थापन हुने छ।
- आयोगबाट प्रस्तावित विभाग र शाखा कायम राखी हाल स्वीकृत दरबन्दीबाटै विभाग वा शाखाको लागि दोहोरो जिम्मेवारी प्रदान गरी कार्य सञ्चालन गरिने छ।
- सहायक निर्देशक (लेखा) र लेखापाल आयोगको स्थायी पूर्ति नहुन्जेल महालेखा नियन्त्रकको कार्यालयबाट काजमार्फत प्राप्त गरिने छ र निजहरू क्रमशः तह ८ र तह ५ अनुसार रहने छन्। साथै, अन्य नेपाल सरकारबाट काजमा खटिई आउने कर्मचारीहरू कर्मचारी प्रशासन विनियमावलीअनुसार रहने छन्।
- अधिकृत स्तर -१८ र सहायक स्तर - ३ गरी जम्मा - २१ जना स्थायी दरबन्दी हुने छ।
- अन्य कम्पुटर अपरेटर -६ जना, हलुका सवारी चालक - ६ जना, कार्यालय सहयोगी - ६ जना गरी १८ जना सेवा करारमा लिइने छ।

## अनुसूची २ः आयोगले आयोजना गरेका कार्यक्रम तथा स्थलगत अनुगमनसंग सम्बन्धित तस्विरहरु

***आयोगका नवनियुक्त अध्यक्ष तथा सदस्य द्वेयको सपथ ग्रहण तथा स्वागतसंग सम्बन्धित तस्विरहरुः***




*चित्र १ नवनियुक्त अध्यक्ष तथा सदस्य द्वेयको सपथ ग्रहण समारोह*



*चित्र २ आयोगका निवर्तमान अध्यक्ष श्री दिल्ली बहादुर सिंहज्यू तथा  निवर्तमान सदस्य श्री भागीरथी भट्टराई ज्ञवलीज्यूको बिदाई कार्यक्रम*




*चित्र ३ बुटवल पावर कम्पनी लिमिटेडद्वारा प्रर्वद्धित आँधिखोला विद्युत वितरण केन्द्रको विद्युत महसुल निर्धारण सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम*



*चित्र ४ माननीय उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रिज्यूको उपस्थितिमा आयोगको तर्फबाट प्रस्तुतिकरण कार्यक्रम पश्चात् मन्त्रालयमा खिचिएको तस्बिर*

## *स्थलगत अनुगमन सम्बन्धी तस्विरहरु*



*चित्र ५  माथिल्लो त्रिशुली - १ आयोजना (२१६ मे. वा) को विद्युतगृहको क्याभर्न (Powerhouse Cavern)*




*चित्र ६ माथिल्लो त्रिशुली - १ आयोजना (२१६ मे. वा.) को विद्युतगृहतर्फ जाने टनेल*



*चित्र ७ माथिल्लो त्रिशुली - १ आयोजना (२१६ मे. वा.) को डाम साइट (Dam Site)*



*चित्र ८ लाङटाङ भोटेकोशी आयोजना (१२० मे.वा.) को टनेल द्वार*




*चित्र १ त्रिशुली ३-बी आयोजना (३७ मे.वा.) को टावर जडान (१३२ के.भी. प्रसारण लाइन)*



*चित्र १० त्रिशूली ३-बी आयोजना (३७ म.वा.) को को टनेल द्वार*



*चित्र ११ रसुवागढी आयोजना (१११ मे. वा.) को डाम (Dam)*



*चित्र १२ रसुवागढी आयोजना (१११ मे. वा.) को विद्युतगृहभित्र*